महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
गणेशमान चारनाथ नगरपालिका
धनुषा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा दंगाल

महालेखापरीक्षक

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(मधेश प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ४०४ मितिः २०७९।३।२१

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
गणेशमान चारनाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
धनुषा ।

कैफियत सहितको राय

हामीले गणेशमान चारनाथ नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सवै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू.५ करोड ८६ लाख ६५ हजार बेरुजु देखिएकोमा प्रतिक्रिया प्रमाण पेश हुन आएको छैन । उक्त बेरुजु मध्ये असुल गर्नुपर्ने रू.९० लाख २२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ३८ लाख ३ हजार, नियमित गर्नुपर्ने रू.१ करोड २९ लाख ५६ हजार र पेश्की रू.२८ लाख ८३ हजार रहेको छ ।नगरपालिकाको गतवर्ष १३ करोड १८ लाख १० हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट ४८ लखा ६६ हजार फछ्यौंट गरी बाँकी वेरुजु १२ करोड ६९ लाख ४४ हजार एवं यो वर्ष कायम भएको बेरुजु ५ करोड ८६ लाख ६५ हजार समेत हालसम्मको अद्यावधिक बेरुजु १८ करोड ५६ लाख ९ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदमराज पौडेल)
नायब महालेखापरीक्ष

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

गणेशमान चारनाथ नगरपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रकम रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
९७	९४	५८६६५	०	०	०	९७	९४	५८६६५	९०२२	१२९५६	३३८०३	०	०	४६७६०	२८८३

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रकम रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
धनुषा	१३१८१०	०	४८६६	१२६९४४	०	५८६६५	१८५६०९

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : गणेशमान चारनाथ नगरपालिका, धनुषा , गणेशमान चारनाथ नगरपालिका , धनुषा

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	लखन देव यादव	२०७८-९-१८	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	मित्र प्रसाद काफ्ले	२०७७-४-१	
लेखा प्रमुख	शिव नरायण साह	२०७७-४-१	
लेखा प्रमुख	नेत्र लुङग्ली	२०७८-१०-९	
		बेरुजु रकम	५८,६६४,७५०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		९,७४,४२,२७६.४७	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३५,५६,१९,५००	**चालु खर्च**	२५,४४,६५,०५९.१९
प्रदेश सरकारबाट अनुदान	१,८३,६४,०००	**पूँजीगत खर्च**	२१,१५,५५,५९४.२१
राजश्व बाँडफाँट	१०,३४,६३,१२४.२३	**वित्तीय/अन्य व्यवस्था**	१,९८,१४,७७८.७२
आन्तरिक आय	७,२५,७७,४४६.२५		
अन्य आय	१,५५,८३,२३०		
कुल आय	५६,५६,०७,३००.४८	**कुल खर्च**	४८,५८,३५,४३२.१२
बाँकी मौज्दात		१७,७२,१४,१४४.८३	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५९ सभा सदस्य, २४१ वर्ग किलोमिटर क्षेत्रफल तथा ३४.७७० जनसंख्या रहेको छ ।	
२			**संवैधानिक र कानूनी व्यवस्था** नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही नगरपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापकीय अधिकार गाउँ सभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ ।सोही अधिकार बमोजिम नगरपालिकाले कार्य गर्दै आएको छ ।	
३			**असुली** लेखापरीक्षणको क्रममानगरपालिका भवनमा दोस्रो बिलमा बढी भुक्तानी भएको रु. १६०६०९४ अन्तिम बिल तयार हुदा घटाई तथा परिश्रमिक कर लखन देब यादब रु.१८४२५।,सुर्यनारायण सिंह रु. १२१८९। शिबनारायण शाह रु.९९८५। कृषि तर्फ बिभिन्न भौचर बाट रु ७३६६७। समेत रु. १७२०३६०। असुल भई दाखिला भएको भौचर प्राप्त भएको छ ।	
४			**आर्थिक कारोवारको स्थिती** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:	

आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१ स्थानीय तह : गणेशमान चारनाथ नगरपालिका, धनुषा								
प्राप्ती भुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		५६,२४,७४,८२५.२७	५७,२५,७३,३२८.०७		५७,२५,७३,३२८.०७	४८,५०,४३,३०१.१७		४८,५०,४३,३०१.१७

क्रम	भौचर नम्बर	भौचर मिति	विषय क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		५४,१७,९८,१९६.६९	५२,८३,८३,३४९.८८	०	५२,८३,८३,३४९.८८	४४,२०,२९,९९६.८८	०	४४,२०,२९,९९६.८८		बेरुजु रकम
			११००० कर	११	१२,२१,९२,२२५	११,०७,३५,२०१.७९	०	११,०७,३५,२०१.७९	८,३९,११,९१३.७८	०	८,३९,११,९१३.७८		
			१३००० अनुदान		३९,८९,८३,५००	३९,१४,०३,४०४	०	३९,१४,०३,४०४	३३,८४,८९,३८६	०	३३,८४,८९,३८६		
			संघीय सरकार	१२	३६,०६,१९,५००	३५,५६,१९,५००	०	३५,५६,१९,५००	२९,५१,१७,०००	०	२९,५१,१७,०००		
			प्रदेश सरकार	१२	२,०३,६४,०००	१,८३,६४,०००	०	१,८३,६४,०००	२,४२,३२,०००	०	२,४२,३२,०००		
			जनसहभागिता		१,८०,००,०००	१,७४,१९,९०४	०	१,७४,१९,९०४	१,९१,४०,३८६	०	१,९१,४०,३८६		
			१४००० अन्य राजस्व		१,९७,२२,४७१.६९	२,५०,१३,२९६.०९	०	२,५०,१३,२९६.०९	१,९५,८२,६९७.१०	०	१,९५,८२,६९७.१०		
			१५००० विविध प्राप्ति		९,००,०००	१२,३१,४४८	०	१२,३१,४४८	४६,०००	०	४६,०००		
			ख. अन्य प्राप्ति		२,०६,७६,६२८.५८	४,४१,८९,९७८.१९		४,४१,८९,९७८.१९	४,३०,१३,३०४.२९		४,३०,१३,३०४.२९		
			वितरण गर्न बाकी राजस्व		०	१,८९,६१,२४०.८८	०	१,८९,६१,२४०.८८	०	०	०		
			कोषहरु		२,०६,७६,६२८.५८	१,८९,९४,३३५.३१	०	१,८९,९४,३३५.३१	३,७९,४३,१०७.२९	०	३,७९,४३,१०७.२९		
			धरौटी		०	६२,३४,४०२	०	६२,३४,४०२	५०,७०,१९७	०	५०,७०,१९७		
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०		

क्रम	भौचर नम्बर	भौचर मिति	बिवरण भुक्तानी (ग+घ)		६३,९०,६९,२९२.३३	४८,३४,०३,६२७.४०		४८,३४,०३,६२७.४०	४६,६६,२५,९५९.२२		४६,६६,२५,९५९.२२	बेरुजु रकम
			ग. भुक्तानी (सञ्चित कोषबाट)		६१,८३,९२,६६३.७५	४६,६०,२०,६५३.४०		४६,६०,२०,६५३.४०	४३,३३,६१,७१२.५१		४३,३३,६१,७१२.५१	
			२१००० पारिश्रमिक / सुविधा	१८	१४,०३,२७,७५६	११,६३,५०,९८०.१६	०	११,६३,५०,९८०.१६	९,३४,१७,७१३.६८	०	९,३४,१७,७१३.६८	
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	९,१९,७२,३०४	५,२१,१२,४२६.१७	०	५,२१,१२,४२६.१७	४,२२,८२,२८७.६६	०	४,२२,८२,२८७.६६	
			२४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन	१८	०	०	०	०	४८,५१,०००	०	४८,५१,०००	
			२५००० सहायता (Subsidy)	१८	५,०६,०९,०००	४,४५,४६,१८३.८६	०	४,४५,४६,१८३.८६	२,४१,८२,९५७.६७	०	२,४१,८२,९५७.६७	
			२६००० अनुदान	१८	५,००,०००	०	०	०	४,४९,०००	०	४,४९,०००	
			२७००० सामाजिक सुरक्षा	१८	१,२०,५५,०००	७६,८५,१०६	०	७६,८५,१०६	१,८०,८१,२७७	०	१,८०,८१,२७७	
			२८०००	१८	५,३९,१२,६०३.७५	३,३७,७०,३६३	०	३,३७,७०,३६३	५९,०६,७१३	०	५९,०६,७१३	

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय											बेरुजु रकम
				अन्य खर्च											
				३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२६,९०,१६,०००	२१,१५,५५,५९४.२१	०	२१,१५,५५,५९४.२१	२४,४१,९०,७६३.५०	०	२४,४१,९०,७६३.५०			
				घ. अन्य भूक्तानी		२,०६,७६,६२८.५८	१,७३,८२,९७४		१,७३,८२,९७४	४६,६६,२५,९५९.२२		४६,६६,२५,९५९.२२			
				कोषहरु		२,०६,७६,६२८.५८	१,३०,१३,२४३	०	१,३०,१३,२४३	३,२१,७५,८६३.७१	०	३,२१,७५,८६३.७१			
				धरौटी		०	४३,७०,२६१	०	४३,७०,२६१	१०,८८,३८३	०	१०,८८,३८३			
				संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०			
				कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी			-५३०		-५३०						
				ङ. यो वर्षको बचत (न्युन)		(७,६५,९४,४६७.०६)	८,९१,६९,७००.६७		८,९१,६९,७००.६७	१,८४,१७,३४१.९५		१,८४,१७,३४१.९५			
				च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			९,१७,६४,४३९.८९		९,१७,६४,४३९.८९	७,८९,१४,४५१.५६		७,८९,१४,४५१.५६			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय										बेरुजु रकम
			वर्षान्तको बाकी रकम (ङ + च)		(७,६५,९४,४६७.०६)	१८,०९,३४,१४०.५६		१८,०९,३४,१४०.५६	९,७३,३१,७९३.५१		९,७३,३१,७९३.५१		
			बैंक तथा नगद बाकी	२४		२०,०९,३४,१४०.५६		२०,०९,३४,१४०.५६	९,७३,३१,७९३.५१		९,७३,३१,७९३.५१		
५			**बढी जिम्मेवारी** स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आ.ब. २०७६/०७७ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ को अनुसूची १० मा सञ्चित कोषको मौज्दात रु ८१४८०७१३.७९ बाँकी मौज्दात रहेकोमा यो बर्षको सोही प्रतिवेदनको अनुसूची १० मा गत बर्षको जिम्मेवारी रु ८,१६,८०,६०३.७५ सारेको पाइयो । यसरी वित्तीय प्रतिवेदनमा रु १९९८८९.९६ बढी जिम्मेवारी सारेको सम्बन्धमा हिसाब मिलान हुनुपर्दछ ।										
६			**घटी जिम्मेवारी** स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आ.ब. २०७६/०७७ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ ले विविध खातामा रु ३२५३८४७.०० र मर्मत सम्भार कोषमा रु २३४७३.२७ बाँकी मौज्दात देखाएकोमा यो बर्षको वित्तीय प्रतिवेदनले शुरु मौज्दात शुन्य देखाएको पाइयो । तसर्थ घटी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।										
७			**सशर्त फिर्ता** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ अनुसार संघिय एवं प्रदेश सशर्त अनुदानबाट प्राप्त रकम खर्च नभएको अवस्थामा संघिय संचितकोष एवं प्रदेश संचितकोषमा बाँकी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको संघीय सशर्त अनुदान रु. २९४७९८५८.०५ संघीय संचित कोष खातामा र प्रदेश सशर्त अनुदान रु. ४४८२१ प्रदेश संचित कोष खातामा फिर्ता गरेको छ। खर्च हुन नसकेको सशर्त अनुदान रकम समयमै फिर्ता गर्नुपर्दछ ।										

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**सबै कारोबार नसमेटेको** कार्यालयले आर्थिक कारोवार संचालन गर्दा सूत्रको प्रयोग गरी आफ्नो कार्यालयबाट संचालन भएको सम्पूर्ण आर्थिक कारोवार (सामाजिक सुरक्षा भत्ता, सडक बोर्ड, युनिसेफ आदी) सूत्रमा प्राविष्टि गरी सो अनुसार म.ले.प.फा.नं २७२, र २७२ को सहायक अनूसूची-१ देखी २४ सम्म पूर्ण रुपमा तयार गरी वित्तीय विवरण तयार गर्नुपर्नेमा सो अनुसार सबै कारोवार सुत्रमा समावेश नभएको, त्यस्तै अनुसूचि १ देखी २४ सम्म बैक अनुसार बाँकी समेत राखी अनुसूची पूर्ण रुपमा तयार नगरेको आदी कारणबाट वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले कुल खर्च रु.४८५८३५४३२.१२ भएकोमा रु.२४३१८०४.७२ को कारोबार समेटेको देखिएन । तसर्थ यसमा भएका सबै कमजोरी सुधार गरी सबै आर्थिक कारोबारको यथार्थ चित्रण गर्न सक्ने बनाइनुपर्दछ ।	
९			**बैक हिसाब विवरण** पालिकाले स्रेस्ताको मौज्दात र बैक मौज्दात भिडान गरी फरक परेको भए हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा त्यस्तो विवरण तयार गरेको पाइएन । लेखापरीक्षणको क्रममा शुरु मौज्दात र अन्तिम मौज्दात खुल्ने गरी बैंक विवरण पटक पटक माग गर्दा पनि प्राप्त हुन नसकेकोले बैक विवरण सँग स्रेस्ताको शुरु र अन्तिम मौज्दात भिडान गरिएको छैन । समयमै बैंक हिसाब मिलान विवरण तयार नगर्ने कर्मचारीलाई जिम्मेवार बनाउँनुपर्दछ ।	
१०			**आर्थिक कारोवारको अवस्था** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । • आर्थिक वर्ष २०७७।७८ मा भएको खर्चको चेक भुक्तानीको लागि आवश्यक रकम मूल संचित कोष खाताबाट कार्य संचालन खातामा सोही वर्षमा ट्रान्सफर गर्नुपर्नेमा पछिल्लो आ.व. २०७८।७९ मा समेत मूल संचित कोष खाताबाट रकम ट्रान्सफर गरेको छ । मूल संचित खाताबाट आषाढ मसान्त भित्रै आवश्यक रकम ट्रान्सफर गरी खर्चको लेखाङ्कन गर्नुपर्दछ । ऐनको व्यवस्था अनुसार वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
११			**आन्तरिक नियन्त्रण, वित्तीय उत्तरदायित्व एवम् कानुनको पालना** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमित, मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालयको लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देहायका कमजोरी रही असर पर्ने देखिएको छ । अतः आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हुन सक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछ:- • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम वार्षिक खरिद योजना तयार नभएको, • कतिपय योजनामा नगर प्रमुखको तोकादेश बाट योजना स्वीकृत गर्ने गरेको, नगर सभाबाट स्वीकृत गर्नुपर्ने, • निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • वितरणमूखी कार्यक्रम संचालन गरेको, • पूँजिगत खर्चमा आयोजनाको प्राथमिकिकरण नभएको, • स साना योजनालाई प्राथमिकता दिएको, • नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको, • नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको । • भेरिएशन अभिलेख खाता (म.ले.प.फा.नं. ५०१) नराखेको । • आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको । • ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको । • ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको • जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको । • कोषहरुको कार्यविधि कानून नवनाएको, • उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको • कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण नगरेको, • कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको, • संस्थागत क्षमता विकासमा उल्लेखनिय प्रगति नगरेको, • आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको, • कार्य सम्पादन जमानीको मान्य अवधि नविकरण भएको नदेखिएको, • उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको, • चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरी खर्च गरेको,	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको, • सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरेको • प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको, • विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको • अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन नगरेको, • एकिकृत सम्पत्ति विवरण र जिन्सीको एकीकृत लगत र निरीक्षण नगरेको, • लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको • विविध खर्चमा नियन्त्रण नगरेको, कतिपय विविध खर्चको विलमा घरयासी प्रयोजनका खाद्यान्न सामानको प्रयोजन नखुलाई विल राखी भुक्तानी गरेको, • कार्यालयमा टेलिफोन नभएको भनी प्रयोजन नखुलाई निजी फोनमा रिचार्ज खर्च लेख्ने गरेको, • उपभोक्ता समितिको गठन प्रक्रिया नियमानुसार नभएको, • अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई प्रभावकारी नबनाएको, • सवं प्रकारका आयोजनामा निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको , • उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण नगरेको, मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको , • लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन नगरेको • जिन्सी खाता,बैक नगदी किताव, लेजर खाताहरु प्रमाणित गरी श्रेस्ता अद्यावधिक नगरेको/एउटा पेश्की बाँकी छँदै अर्को पेश्की दिने गरेको, • आम्दानी तर्फको म.ले.प.फा.नं. १०४ देखि १०९ सम्म नराखेको, • म.ले.प.फा.नं.४०७ र ४०८ जिन्सी खाता अद्यावधिक नगरेको , • समयमा पेश्की फछ्र्यौट नगरेको, • केही उपशिर्षकमा बैंक नगदी किताब र आषाढको खर्चको फाटवारी नमिलेको, • नियम बमोजिम खर्चको विल भरपाईको तेरिज, जोडजम्मा, प्रमाणिकरण,भुक्तानीको छाप र खर्चका यथेष्ट प्रमाण नरहेको, • ईन्धन खर्चको लगबुक नराखेको, • कतिपय निजी सवारी साधन मर्मत खर्च भुक्तानी गरेको, नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२			**आय व्यय अनुमान** नगरसभाको वैठकले बजेट पारीत गरेको र आय व्ययको प्रक्षेपण गर्दा २०७५।७६ को यथार्थ, २०७६।७७ को संशोधित अनुमान र २०७७।७८ को अनुमान पेश गर्नु पर्नेमा २०७५।७६ को यथार्थ र २०७६।७७ को संशोधित अनसमान उल्लेख नगरी २०७७।७८ को अनुमान मात्र उल्लेख गरी कार्यक्रम बजेट स्विकृत गरेको छ । यसवाट गत वर्षको बजेट संग तुलना गर्न सक्ने अवस्था देखिएन । बजेट अनुमान र यथार्थ प्राप्तिको स्थिति यस प्रकार छ: (रु.हजारमा)	

क्र.स.	विवरण	वार्षिक अनुमान	यथार्थ प्राप्ति
1	आन्तरिक श्रोतको राजश्व	१०४५३५	७२५७७
2	राजश्व वाँडफाड प्राप्ति	११३९७३	१०३४६३
3	अन्तरसरकारी वित्तीय हस्तान्तरण संघीय समानीकरण	११७७००	११७७००
४	अन्तरसरकारी वित्तीय हस्तान्तरण संघीय सशर्त	१६११००	२००२२०
५	अन्तरसरकारी वित्तीय हस्तान्तरण संघीय विशेष	२८०००	२३०००
६	अन्तरसरकारी वित्तीय हस्तान्तरण संघीय समपुरक	१४७००	१४७००
७	अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रदेश समानीकरण	७३६४	७३६४
८	अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रदेश सशर्त	८०००	८०००
९	अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रदेश बिशेष	३०००	३०००
१०	अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रदेश समपुरक	२०००	०
११	चालु खर्च	३२३८११	३११५४०
१२	पूँजिगत खर्च	२३७४६२	१५४४८१
१३	वित्तीय	०	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**श्रोत अनुमान तथा वजेट सिमा** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्ने देखिन्छ । नगरको प्राथमिक आयोजना कून कून हुन प्रक्षेपण गरी वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ ।	
१४			**आवधिक योजना र आयोजना बैंक** स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागी आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्येकालिन तथा दिर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकुल हुनुपर्ने विभिन्न अन्र्तसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । योजना बनाउदा आर्थिक विकास र गरिबि निबारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जिवन स्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय श्रोत साधन र सिपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना संञ्चालन गनुपर्ने व्यवस्था छ । तर पालिकाले आवधिक योजना बनाई कार्यान्वयनमा ल्याएको पाइएन । स्थानीय आवधिक योजना र आयोजना बैंकको अवधारणा कार्यान्वियन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारीता ल्याउनुपर्दछ ।	
१५			**मध्यमकालिन खर्च संरचना** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । सो अनुसार पालिकाले त्यस्तो खाका तयार गरेको देखिदैन । मध्यकालिन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाई लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेमा ३ आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको कार्यक्रमको प्राथमिकीकरण लागत र समय खुलाई तयार गरेको पाइएन ।	
१६			**वजेट तथा कार्यक्रम तर्जुमा** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । एउटै क्षेत्र भित्र वडागत योजना, नगरपालिका योजना र विषयगत पूर्वाधार क्षेत्रका कार्यक्रमका लागि रकम विनियोजन गरेको छ । विषयगत क्षेत्र सँग सम्वन्धित तथा वडा र नगरपालिकाको सार्वजनिक निर्माण सँग योजना दोहोरो पर्नसक्ने अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहेरो रुपमा संचालन नगरी एकै ठाउँवाट संचालन गर्ने व्यवस्थाको लागि विशेष ध्यानाकर्षण गरिएको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**आन्तरिक ऋण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।	
१८			**अवण्डा बजेट** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा अवण्डा वजेट राख्न नमिल्ने सम्वन्धि व्यवस्था छ । लेखापरीक्षणको क्रममा पालिकाको समग्र कार्यक्रम बजेट परीक्षण गर्दा उपरोक्त ऐन नियमको व्यवस्था अनुसार कार्यक्रम वाइज बजेट स्वीकृत नगरी क्षेत्र वाइज एकमुष्ठ (सडक निर्माण, भवन निर्माण, सिंचाई आयोजना निर्माण, विभिन्न सिंचाई, सडक, खानेपानी, नदी नियन्त्रणको डि.पि.आर. तयारको पारमर्श आदी) बजेट स्वीकृत गरी पछि आवस्यकता एवं माग अनुसार कार्यक्रम एवं बजेट वाडँफाँड गरी पठाउने गरेको देखियो । जुन कार्यक्रम बजेट सिद्धान्त विपरित देखिन्छ । यस्तो प्रकृयाले वित्तीय अनुशासन कायम नहुने, पहुँच हुने समुदाय वा व्यक्तिको क्षेत्रमा मात्र कार्यक्रम जाने र आवश्यक स्थानमा कार्यक्रम बजेट नजाने र आर्थिक वर्षको वीच वा अन्त्यमा मात्र बजेट वाडँफाडँ हुन गई कार्यक्रम कार्यान्वियन नै नहुने भएपनि हतारमा गुणस्तरहिन काम हुन सक्ने संभावना रहेको देखियो । यसरी बजेट स्वीकृत गर्ने आवश्यकता अनुसार पछि बजेट बाडँफाडँ गर्ने कार्य ऐन एंव नियमावलीको व्यवस्था अनुसार नदेखिँदा अविलम्ब वन्द हुनु पर्ने देखिन्छ । क्र.स. | कार्यक्रम | बजेट 1 | म्याचिङ्ग फण्ड | १२५५५०००. 2 | विविध खर्च | ३५०००००. ३ | विभिन्न वडा सोलार खरिद | २००००००.	
१९			**चौमासिक तथा आषाढ महिनाको खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा चौमासिक रुपमा कार्यक्रम संचालन गरी प्रगति प्रतिवेदन तयार गर्नु पर्ने र कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार चौमासिकमा रुपमा खर्च गर्नु पर्दछ । कार्यालय बाट चौमासिक खर्च सम्बन्धी विवरण प्राप्त नभएकोले विश्लेषण गर्न सकिएन ।	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०			**न्यायिक समिति** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ । नगरपालिकाले ३ सदस्य रेहेको न्यायिक समिति गठन गरेको छ । स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम पर्न आएको निवेदनको निर्धारित समयमा कारवाही प्रकृया पुरा गरी न्यायिक समितिलाई विवाद समाधाना जिम्मेवार र जवाफदेहि तुल्याई सर्वसाधारणलाई कम खर्चिलो सरल र छरीतो न्याय प्रदान गर्न आवस्यक संयन्त्रको व्यवस्था हुनुपर्दछ । कार्यलयले पेश गरेको विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ मा देखिएको विवरण निम्न छन् ।	

२०७७।७८ मा मुदा आल्या संख्या	२०७७।७८ मा जम्मा मुदाको संख्या दर्ता	जम्मा मुदाको संख्या	सुनवाई भएको संख्या	फैसला भएको संख्या	फैसला हुन बाँकि हुन रहेको संख्या	मुलतविमा रहेको संख्या	मिलापत्र भएको संख्या	२०७८।७९ मा सरेर गएको संख्या
११	५६	६७	६३	३९	२०	४	४	२०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**भ्रमण अभिलेख एवं प्रतिबेदन** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार रु. ७८०८६३.०० खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको उचित देखिएन । नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
२२			**बेरुजु अभिलेख** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयार गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**वार्षिक खरिद योजना/गुरु योजना** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो खरिद ऐन नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना/गुरु योजना बनाई खरिद कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ ।	
२४			**स्थानीय तथ्यांक र अभिलेख** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । त्यसैगरी प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको समग्र प्रोफाईल तयार गर्नुपर्नेमा सो समेत तयार गरेको देखिएन ।	
२५			**प्रगति विवरण** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार कार्यालयवाट अनुसार प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तिय पक्षको सामुहिक समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगति कम भएको कारण सो को जिम्मेवार व्यक्ति पहिचान गरी सुधारकालागि चाल्नुपर्ने कदम र प्रगति न्युन भएको सम्वन्धमा जिम्मेवार व्यक्ति उपर आबश्यक कारवाहि समेत गर्नु पर्ने उल्लेख छ । पालिकाले उक्त व्यवस्था अनुसार प्रगति विवरण तयार नगरेको कारण पालिकाले विकासका क्षेत्रमा गरेको समग्र लगानिको उपलव्धिको अवस्था मुल्याङ्कन गर्न सकिएन । पालिकाले नियमावलीको व्यवस्था अनुसारको जिम्मेवारी पुरा गरेको देखिएन । वार्षिक प्रगति तयारगर्ने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ ।	
२६			**बार्षिक आर्थिक कारोवारको प्रतिवेदन** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवार (नगदी,जिन्सी आय व्यय) को अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको एक्काईस दिनभित्र दुई प्रति सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र एक प्रति तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधिसम्म अनुसूची ११ बमोजिमको ढाँचाको वार्षिक आर्थिक कारोवार, प्रतिवेदन तयार नगरेकोले नियमको व्यवस्था पालना भएको देखिएन । नियमावलीमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**गुणस्तर परिक्षण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।	
२८			**सामाजिक परीक्षण** पालिकाले सार्वजनिक परीक्षण अन्तर्गत योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाई कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको देखिएन । सार्वजनिक परीक्षण सम्बन्धी ढाँचा तोकी कार्यान्वयनमा नल्याएकोले योजनामा सार्वजनिक परीक्षण हुन सकेको पाइएन । पालिकाले केही ठूला योजनाहरू छनौट गरी सामाजिक परीक्षणको व्यवस्था समेत कार्यान्वयन गरेको देखिएन । पालिकाबाट संचालित सबै पुँजीगत एवं चालु योजनामा निर्देशिका बनाई तोकेको ढाँचा अनुरुप सार्वजनिक परीक्षण गराउने कार्य गर्नुपर्ने देखिन्छ ।	
२९			**उपभोक्ताको काम** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहवाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**मेसिनको प्रयोग** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको अवस्थामा कार्यको नापजाँच गरी भुक्तानी लिएको देखिएको छ । साथै लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको छ । यसबाट उपभोक्ताको योगदान सुनिश्चित गर्न सक्ने आधार भएन ।	
३१			**सम्पत्ति हस्तान्तरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल–अचल सम्पत्ति, दायित्व तथा अभिलेख गरी, त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगतखाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वडागतसमेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु नगरपालिकाको मूल जिन्सी खातामा जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । वडा, स्वास्थ्य, शिक्षा, सेवा केन्द्र, नगरपालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ ।	
३२			**जिन्सी निरीक्षण** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ वमोजिम जिन्सी सामानहरु के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैंले निरिक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिक द्वारा निरिक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आ.व. २०७७।७८ मा जिन्सी निरिक्षण गरेको भएता पनि कानुनी व्यवस्था अनुसार जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको छैन । जिन्सी प्रतिवेदन तयार नहुँदा मर्मत एवम् लिलाम गर्नुपर्ने, मूल्य नखुल्ने जस्ता विवरण अद्यावधिक नहुने हुँदा नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३			**जिन्सी सामान** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वयं वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनुपर्ने व्यवस्था छ । यसै गरी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नुपर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७७।७८ को जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छैन । त्यस्तै नगरपालिकाले खरिद गरी ल्याएका जिन्सी सामानहरु आम्दानी बाँधेतापनि जिन्सी सामानको कूल परिमाण र रकम देखिने गरी जिन्सी खातालाई अद्यावधिक बनाइनुको साथै नियमको पालना गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्छ ।	
३४			**कानुनी सल्लाहकार** स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्वन्धी ऐनहरुमा पदाधिकारीहरुको लागि सल्लाहकार तथा सहायक कर्मचारी राखी पारिश्रमिक दिने व्यवस्था छैन । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी कानुनी सल्लाहकार लाई मासिक रु.२००००।00 का दरले रु.२४००००।०० भुक्तानी गरेको छ । कानुनमा उल्लेखित सुविधा वाहेक सल्लाहाकार कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्य नियमित नदेखिएको रु.	२४०,०००
३५			**पदाधिकारी सुविधा** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण ७ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । नगरपालिकाले ५९ जना जनप्रतिनिधिलाई मिति २०७६ कार्तिक देखि २०७७ अषाढ सम्मको ९ महिनाको गो.भौ.नं. १५-०७७/७/४ बाट रु. ६९०३७५० पदाधिकारी सेवा सुविधा भुक्तानी गरेको छ । भुक्तानी दिन बाँकीको कच्चावारी वेगर खर्च गर्ने परिपाटिमा सुधार हुनुपर्दछ ।	
३६			**विविध खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष विविध खर्च वापत रु. १५६५६६४.०० खर्च गरेको छ । खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>पूर्वनिर्धारित क्षतिपूर्ती
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा परामर्शदाताको ढिलाइको कारणले सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरि साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । निम्न बमोजिम परामर्शदाताले सम्झौता अनुसार तोकिएको समयमा काम सम्पन्न नगरी ढिला गरेको समयको पूर्वनिर्धारित क्षतिपूर्ति रु. ८०७३०। असुल गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>कामको विवरण</th><th>सम्झौता रकम</th><th>सम्पन्न गर्नुपर्ने मिति</th><th>सम्पन्न मिति</th><th>ढिला दिन</th><th>क्षतिपूर्ती रकम</th></tr>
<tr><td>१९०-०७८-३-२८</td><td>पश्चिमान्चल कन्सल्टेन्सी प्रा.ली</td><td>इ.आइ.ए तयारी</td><td>१९६९०२५</td><td>२०७७।१२।३०</td><td>२०७८।३।२१</td><td>८२</td><td>८०७३०</td></tr>
</table></td><td>८०,७३०</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>सवारी साधन मर्मत
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी रु.१४४०३९७.०० खर्च लेखेको छ । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>स्रेस्ता पेश नभएको
पालिकाले स्थानीय प्रकोप व्यवस्थापन कोषमा रु १९५८२१२.०० खर्च भएको भनी एकिकृत आय व्यय विवरण तयार गरेकोमा लेखापरीक्षणको क्रममा स्रेस्ता पेश नभएकोले लेखापरीक्षण भएको छैन । तसर्थ उक्त खर्चको स्रेस्ता लेखापरीक्षणको लागि पेश गर्नुपर्ने रु</td><td>१,९५८,२१२</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>आर्थिक सहायता
कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था स्थानिय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन । आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाव दिंदै आएकोमा यो वर्ष पनि विभिन्न व्यक्ति तथा संस्थालाई रु. २८९७१२७ वितरण गरेको देखिन्छ । यस्तो खर्चलाई निश्चित विधि र मापदण्डको बिकास गरी नियन्त्रण र प्रतिफलमुखी बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१			**कर्मचारी व्यवस्था** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्वीकृत गरेको सँगठनात्मक संरचना अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित ९४ को दरवन्दी रहेकोमा ६१ जनाको पदपुर्ति भई ३३ जनाको पद रिक्त रहेको देखिन्छ । रिक्त पदहरुमध्ये ३० जनालाई करारमा नियुक्ती गरि कामकाज संचालन गरेको छ । समयमै कर्मचारी पदपूर्ति गरी स्थायी कर्मचारी उपलब्ध भएको अवस्थामा कर्मचारी करारमा राख्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	
४२			**तलवी प्रतिवेदन** निजामती सेवा ऐन, २०४९ को दफा ६(ख२) अनुसार कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । । यस वर्ष कार्यालयले कर्मचारी तलव भत्तामा रु.१४०१६६०१.४० खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित नभएकोले तलव र ग्रेड भिडान गर्न सकिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ ।	
४३			**करार सेवा** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलीफोन, विद्युत र धाराको संचालन तथा रेखदेख, पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख, टाईपिङ वा कम्प्युटरटाईप, ड्राईभिङ जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चाालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपरेमा सार्वजनिक निकायको व्यक्ति, फर्म, संस्था वा कम्पनि सँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिदा त्यस्तो सेवाको आवश्यकता, किसिम, समयावधि, गुणस्तर, सेवा संचालन विधि, लाग्ने मोटामोटीखर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्विकृत गराउनु पर्ने व्यवस्था छ । सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत छ । तर पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको देखिएन । त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरबन्दी कायम समेत नगरी पालिकाले यो बर्ष ४६ जना सम्म कर्मचारीहरुको लागि करार सेवा शुल्कमा रु ११२४२५८५.०० खर्च गरेको छ । यसरी बैज्ञानिक संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा यथार्थ दरबन्दी कायम नगरी नयाँ करार नियुक्ती गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृत्तिले नगरपालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ । इनपुट मार्फत खर्च बढि रहने तर आउटपुट स्पस्ट नहुने प्रणालीको अन्त गरी करार सेवा प्रणालीलाई व्यवस्थित बनाइनुपर्दछ ।	
४४			**पारिश्रमिक कर** आयकर ऐन २०५८ को दफा ८७ मा रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयमा सोही ऐनको अनुसूची १ बमोजिम पारिश्रमिक कर गणना गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले निम्न कर्मचारीको तलब भत्ता भुक्तानी गर्दा कुनैको गणना गरेतापिन नपुग रहेको र कुनैको गणना नगरेको देखियो । तसर्थ पारिश्रमिक कर बापतको रु ३८१५६। सम्बन्धीत कर्मचारीबाट असुल गर्नुपर्ने रु	३८,१५६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५			**प्रोत्साहन भत्ता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । तर पालिकाले कानून नबनाई कर्मचारीहरुलाई यो बर्ष रु ११७४४१९.00 प्रोत्साहन तथा पुरस्कार बापत प्रदान गरेको छ । यस्तो सुविधा कानून द्वारा व्यवस्थित बनाइनुपर्दछ ।	
४६			**कार्यालय सम्बन्धि खर्च** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामानमा रु.१७६३०२७ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।	
४७			**वडा कार्यालय संचालन खर्च** नगरपालिकाले ११ वडा कार्यालयलाई वार्षिक रुपमा बजेट विनियोजन गरी खर्च गर्ने गरेको छ । वडा कार्यालयसँग सम्बन्धित नियमित खर्चहरु नगर कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट जिन्सी सामान खरिद, कार्यालय व्यवस्थापन, संचार ,इन्धनलगायतका कार्यमा खर्च गर्दा जिन्सी लगत अद्यावधिक नहुने, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा नगरपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८			**कर्मचारी तथा पदाधिकारी मार्फत भुक्तानी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४९ मा बिक्रेताबाट सोझै मालसमान खरिद गर्न नसकिने भएमा कार्यालयको कर्मचारीलाई पेश्की दिई पठाउनु पर्ने व्यवस्था छ । तर पालिकाले विभिन्न समयमा मर्मत खर्च, विविध खर्च, मसलन्द खर्च जस्ता शिर्षकमा हुने खर्चको भुक्तानी गर्दा सम्बन्धीत फर्म, वा संस्थालाई भुक्तानी नदिई कर्मचारी वा जनप्रतिनिधिले पेश गरेको बिलको आधारमा निजहरुलाई नै भुक्तानी दिने गरेको पाइयो । यसरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ । त्यस्ता केही उदाहरण निम्न छनः	

गोश्वार भौचर नं. र मिति	भुक्तानी पाउने व्यक्ति	खर्च शिर्षक	भुक्तानी रकम
२२८।०७८।३।८	राम बाबु यादव	मर्मत र विविध	१६७१३०
३२३।०७८।३।२०	रामबाबु यादव	विविध	९००६६
३२४।०७८।३।३०	मिना कुमारी यादव	होली कार्यक्रम	५००००
३३६।०७८।३।३०	मिना कुमारी यादव	महिला सहकारीको लागि स्टेशनरी	४८४००
३३७/०७८/३/३०	ललिता कुमारी यादव	न्यायिक समिति स्टेशनरी	१४५०००
३३९।०७८।३।३०	मिना कुमारी यादव	विविध	१३७८९०
३४९।०७८।३।३०	मिना कुमारी यादव	इन्धन	१४६६४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९			**पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु २७,८८,२२२.00 खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०			**इन्धन खर्चको मापदण्ड** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शनमा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष इन्धन पदाधिकारी रु ७७२५६२, र इन्धन कार्यालय प्रयोजन रु ११५४९१७।२९ समेत रु. १९२७४७९।२९ इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	
५१			**सभा सञ्चालन खर्च** पालिकाले गो.भौ.नं. २५८/०७८/३/२४ बाट सभा सञ्चालनको लागि सुती साडी २३ सेट, सर्ट पेन्ट २८ सेट, धोती कुर्ता ९ सेट, दोसल्ला २० पिस र गम्छा २१७ पिस खरिद बापत न्यू शुभकामना बस्त्रालयलाई रु ३५५७४६.६७ भुक्तानी गरेको पाइयो । स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्वन्धी ऐनहरुमा पदाधिकारीहरुको लागि यसरी विभिन्न किसिमका लुगाहरु दिने गरी व्यवस्था भएको पाइदैन । यस्तो खर्चलाई कानूनद्वारा व्यवस्थित बनाइनुपर्दछ	
५२			**जोखिम भत्ता** नेपाल सरकारद्वारा जारी भएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्ति, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ७५ प्रतिशत जोखिम भत्ता दिन सक्ने व्यवस्था छ । कार्यपालिकाले लकडाउनको समयमा क्वारेन्टाइन व्यवस्थापनमा खटिएका कर्मचारीहरूलाई प्रति दिन जोखिम भत्ता बापत दैनिक १ दिनको तलब बराबर (शत प्रतिशत) हुने गरी ५० दिनसम्मको २८ जनालाई दिने निर्णय गरी भौ.नं २६३।/०७८।३।२५ बाट जोखिम भत्ता वापत रु.५४०५९७. बजेट खर्च लेखेको छ । क्वारेन्टाइनमा खटिएका स्वास्थ्यकर्मीलाई शुरु तलव स्केलको ७५% ले र अन्य लाई ५०% बढीमा खर्च लेख्न सकिनेमा कार्यपालिकाले निर्णय गरि रु १,३५,१४९.२५ बढी व्ययभार हुने गरी खर्च गरेको छ । थप व्ययभार पर्ने गरि खर्च गर्ने प्रवृतीमा सुधार हुनुपर्दछ ।	
५३			**बढी भुक्तानी** कार्यालयले क्षिरेश्वरनाथ नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत उमेशलाल कर्णलाई मिति २०७७/८/२४ देखि २०७७।९।३ सम्मका बैठक भत्ता बापत भनी कर कट्टि गरी रु १०२०० भुक्तानी गरेकोमा सोही अवधीको लागि दैनिक भ्रमण भत्ता बापत रु १५६०० पनि भुक्तानी गरेको पाइयो । यसरी एकै कामको लागि दैनिक भत्ता र बैठक भत्ता दुवै गरी दोहोरो भत्ता बुझेको देखिएकोले बढी भत्ता सम्बन्धीतबाट असुल गर्नुपर्ने रु	१०,२००
५४			**सञ्चार सुविधा** पालिकाले यो बर्ष सञ्चार महशुलमा रु ४,00,000.00 खर्च गरेकोमा त्यस्तो खर्च कार्यालयको फोनका अतिरिक्त केही कर्मचारीको मोबाइलमा रिचार्जको रुपमा पनि खर्च गरेको पाइयो । सञ्चार सुविधालाई कानूनद्धारा व्यवस्थित गरेर मात्र खर्च गरिनुपर्दछ । कानूनी सुविधाबिना यस्तो खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५			**निजी स्रोत शिक्षक तलब** अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दीभित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकको लागि ८ वटा विद्यालयलाई राजस्व बाडफाड बाट रु.४९६००० र श्री मा.वि. भरतपुरलाई गो.भौ.नं. २३९ बाट रु ९०००००.00 गरी कुल रु १३९६००० तलब भत्ता अनुदान दिएको देखिन्छ । सशर्त अनुदानबाट दरबन्दी भित्रका शिक्षकहरुको लागि तलब भत्ता निकासा हुने भएतापनि निजी स्रोतका शिक्षकहरुको लागि पनि अनुदान दिएको अवस्थाममा त्यस्तो अनुदानको सदुपयोग सम्बन्धमा अनुगमन गरेको देखिएन । तसर्थ अनुदानको सदुपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।	
५६			**बिल भर्पाई** पालिकाले गो.भौ.नं. ३५२/०७८/३/३१ बाट अपाङ्ग सम्मान कार्यक्रममा रु ५००००.00 खर्च लेखेकोमा भौचरसाथ बिल भर्पाई संलग्न नरहेकोले सो खर्च पुष्टी हुने प्रमाण कागजात पेश गर्नुपर्ने रु	५०,०००
५७			**तालिम** पालिकाले इन्फोटेक टुल्ज प्रा.लि. जनकपुरलाई सुत्र र सि ग्यास लगायतको सफ्टवेयर तालिम दिए बापत रु.१४४६२८ भुक्तानी दिएको छ । तर तालिम कार्यक्रम कुन स्थानमा कहिले र कति सहभागी भएको भन्ने व्यहोरा खुलाइएको छैन । सम्झौतामा तालिम समापनको ७ दिनभित्र प्रतिवेदन दिने व्यवस्था भएतापनि प्रतिवेदन तयार गरिएको छैन । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।	
५८			**विल भर्पाई** पालिकाले गो.भौ.नं. ३३८/०७८/३/३० मा विभिन्न सहकारी सदस्य महिलाहरुको लागि अन्तरक्रिया तथा तालिम बापत रु १००००००.०० खर्च लेखेकोमा रु २६३००.00 को बिल भर्पाई पुगेको देखिएन । तसर्थ बिल भर्पाई पेश गर्नुपर्ने रु	२६,३००
५९			**सिलाई मेशिन खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै खरिद गरिने मेशिन तथा उपकरणहरुको लागत अनुमान स्पेशिफिकेसनको आधारमा तयार गर्ने र मालसमान प्राप्त भएपछी स्पेशिफिकेसन बमोजिम प्राप्त भए नभएको एकिन गरी रकम भुक्तानी गर्नुपर्ने हुन्छ । तर पालिकाले भौ.नं. २९४ बाट १४ वटा सिलाई मेशिन रु २४३३३३.०० मा र भौ.नं. ३०६ बाट २३ थान सिलाई मेशिन रु ३९९५९६ मा खरिद गरी कुल रु ६४२९२९ भुक्तानी गरेको देखिन्छ । यसरी मेशिन खरिद गर्दा लागत अनुमान, प्रतिस्पर्धात्मक विधि, स्पेशिफिकेसनको आधारमा भेरिफिकेसन जस्ता प्रक्रियाहरु पुरा नगरी खरिद गरेको देखिएकोले खर्च रकम निमय सँगत नदेखिएको रु	६४२,९२९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०			**खेलकुद कार्यक्रम** पालिकाले यो बर्ष विभिन्न संस्था मार्फत निम्नानुसार खेलकुद कार्यक्रमहरु गरी सोही संस्थाहरुले पेश गरेको बिल भर्पाई अनुसार देहाय बमोजिम रकम भुक्तानी गरेको देखिन्छ । पालिकाले संस्थाहरु मार्फत खेलकुद कार्यक्रमहरु गर्दा प्रत्येक क्रियाकलापको लागि खर्चको निश्चित मापदण्ड तयार गरेको पाइएन । त्यस्तै पालिकाले खेलकुद सामाग्री खरिद लगायतमा इकाइगत लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिबाट संस्था छनौट गर्नुपर्नेमा निश्चित बजेटको आधारमा तिनवटा संस्थाबाट प्रस्ताव माग गरी संस्था छनौट गरेको देखिन्छ । उल्लिखित कमजोरीमा सुधार गर्दै खेलाडी आतेजाते खर्च, विभिन्न भत्ता तथा पुरस्कार, खाना तथा खाजा जस्ता बिषयलाई नगरसभाबाट निश्चित मापदण्ड स्वीकृत गरी सोही बमोजिम र इकाइगत लागत अनुमान समेतको आधारमा प्रतिस्पर्धात्मक विधिबाट संस्था छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।	

गो.भौ.नं.	संस्था	कार्यक्रम	खर्च रकम
181	सृजनशिल युवा परिवार	फुटबल प्रतियोगिता	५०००००
१८२	चारनाथ युवा क्लब	फुटबल प्रतियोगिता	५०००००
192	लक्ष्मिपुजा खेलकुद सामाग्री उपभोक्ता समिति	खेलकुद कार्यक्रम	३०००००
193	चारनाथ उधोग बाणिज्य संघ	मेयर कप प्रतियोगिता	५०००००
२२३	गुराइस युवा -क्लब	खेलकुद कार्यक्रम	३९९५००
जम्मा			2199500

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१			**गत बर्षको बिल भर्पाई** पालिकाबाट सञ्चालित खेलकुद कार्यक्रम मध्ये चारनाथ उधोग बाणिज्य संघलाई गो.भौ.नं. १९३ मिति २०७८/१/२४ बाट रु ५०००००.०० भुक्तानी गरेको देखिन्छ । तर उक्त संस्थाले पेश गरेको बिल भर्पाइमा खेलकुद प्रतियोगिता भने मिति २०७६/५/१९ देखि २०७६/६/९ सम्म भएको देखिन्छ । करिब १८ महिना अघिको बिल भर्पाई राखी भुक्तानी दिनुको कारण भने खुलाएको छैन । उधोग बाणिज्य संघले बिजक जारी नगरी विभिन्न खुद्रा बिल भर्पाईहरु पेश गरेको देखिन्छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९ (१३) बमोजिम को भुक्तानी दिन बाँकीको विवरण पनि लेखापरीक्षणको क्रममा पेश हुन सकेन । तसर्थ कारोबार भएकै समयमै खर्च नलेखी करिब १८ महिनापछी भुक्तानी दिन बाँकीको विवरण बिना खर्च लेखेको देखिएकोले खर्च रकम अनियमित देखिएको रु	५००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६२			**अनुगमन तथा सुपरिवेक्षण** स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजनासमेत तयार गर्नुपर्ने र नगरपालिकाबाट संचालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले योजनाबद्ध रुपमा संचालित योजना अनुगमन तथा सुपरिवेक्षण कार्यान्वयन गरेको देखिएन । केहि योजनामा नगर प्रमुख र उप प्रमुख तथा सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले अनुगमन गरेको भएपनि ,केहि योजनामा नगर प्रमुख र सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले वाहेक अधिकांश योजना वार्ड अध्यक्ष, वार्ड सदस्यले मात्र तथा कर्मचारी,प्राविधिकले मात्र अनुगमन गरेको देखिएको छ । प्रस्तुत अनुमगन प्रतिवेदनमा आर्थिक अवस्था र काम सम्पन्न भएको व्यहोरा उल्लेख गर्ने गरेको छ । काम नभएका र सुधार गर्नुपर्ने व्यहोरा कमै मात्र उल्लेख गर्ने गरेको छ । यसरी योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण कार्य ऐनले निर्दिष्ट गरेबमोजिम जिम्मेवार पदाधिकारीबाट नगराउँदा र प्राविधिक पक्षको कमि कमजोरी नऔंल्याउँदा साधनस्रोतको अधिकत्तम उपयोग, सेवा प्रवाह तथा कामको गुणस्तर प्रभावकारी हुन नसक्ने तर्फ जिम्मेवार पदाधि कारीको ध्यान जानुपर्दछ ।	
६३			**भिडियो डकुमेन्ट्री** पालिकाले भौ.नं. २८९/०७८/३/२७ बाट भिडियो डकुमेन्ट्री निर्माण बापत प्रवाह मिडिया प्रा.लि.लाई रु ४९४९४०.00 भुक्तानी गरेको छ । सार्वजनिक खरिद नियमावली २०६३ को नियम १२ (२) को आधार तथा अनुसूची १ (क) को ढाँचामा लागत अनुमान तयार गरी सोही आधारमा प्रस्ताव माग गर्नुपर्नेमा विभिन्न ११ प्रकारका कार्यहरु के कती मूल्यमा गर्न सक्ने हो भनी प्रस्तावदाताहरुसँग दररेट माग गरेको देखिन्छ । यसरी सार्वजनिक खरिद नियमावलीले तोके बमोजिमको प्रक्रियाबाट लागत अनुमान तयार नगरी खरिद गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।	
६४			**औषधी खरिद** पालिकाले यस वर्ष नगरपालिका चालु भौ.नं. २९०,२९१,२९२,२९३ मिति २०७८/३/२७ बाट रु. ११९५२४१ मुल्यको औषधी तथा स्वास्थ्य उपकरण क्वारेन्टाइन सञ्चालन र स्वास्थ्य चौकीहरुको लागि खरिद गरेको छ । विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । पालिकाले हस्तान्तरण गरेको औषधि सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सि खातामा आम्दानी वाधि नागरिकलाई निशुल्क वितरण गरेको सुनिश्चित गरिनुपर्दछ ।	
६५			**सोझै खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन अन्तर्गत मंगलम एडभरटाइजिङ्ग एजेन्सीलाई भौ.नं. ३०३ मिति २०७८/३/२९ बाट रु ७३९९१४ भुक्तानी गरेको छ । खरिद नियमावलीले तोकेको सिमाभन्दा बढी सोझै खरिद गरेकोले नियमसँगत नदेखिएको रु	७३९,९१४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६६			**मोबाइल खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले भौ.नं. ३०४ मिति २०७८/३/३० बाट ५ थान सामसुङ मोबाइल प्रति मोबाइल रु ८८७०५ को दरले र भौ.नं. ३०५ बाट एक थान रु ८८७०५ को दरले गरी कुल ६ थान मोबाइल खरिदमा रु ५३२२३०.०० खर्च लेखेको छ । उक्त खरिदमध्ये भौ.नं. ३०४ बाट खरिद गरिएको ५ थान मोबाइलको लागि दररेट माग गर्दा स्पेशिफिकेसन नखुलाएको, बिक्रेताले पनि बिजकमा सामसुङ मोबाइल मात्र लेखी प्रकार नखुलाएको र मोबाइल प्राप्त भएपछी माग अनुरुप आए नआएको एकिन नगरेको साथै जिन्सी खातामा समेत स्पेशिफिकेसन नखुलाएको र कमजोर आन्तरिक आय भएको पालिकाले आवश्यकता भन्दा बढी महँगो मोबाइल खरिद गरी मितव्ययिता कायम गर्ने प्रयास समेत नगरी र मोबाइल खरिद गरी उपलब्ध गराउने आधार बेगर खर्च लेखेको देखियो । अतः मितव्ययिता कायम गर्ने गरि खर्च लेख्न पाउने आधार सहित खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको रु.	५३२,२३०
६७			**शिर्षक फरक** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान स्वीकृत नर्म्स र दरको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं ११ मा १ वटा मूर्ति खरिद कार्यको लागि सगुन स्टोन इन्टरनेशनल लाई मू.अ.कर सहित रु 242950 भुक्तानी गरेको छ । पालिकाले नापी किताब र कार्य स्वीकार प्रतिवेदन तयार गरेको भएतापनि निश्चित नर्म्स र दर को आधारमा लागत अनुमान तयार गरेको पाइएन । खरिद ऐन तथा नियमावलीले तोकेको आधारमा लागत अनुमान तयार नगर्ने कमजोरीमा सुधार हुनुपर्दछ । त्यस्तै उक्त खर्च पूँजिगत शिर्षकबाट गर्नुपर्नेमा चालु शिर्षकबाट गरेको पाइयो । शिर्षक फरक पारी खर्च गरेको देखिएकोले खर्च रकम नियमित गर्नुपर्ने रु	२४२,९५०
६८			**औषधी खरिद** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल, भरपाई, प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. १८३-०७८-३-२७(संघिय चालु) बाट नवदुर्गा मेडिकल हल बाट २३ आइटम का विभिन्न औषधि सोझै खरिद गरी रु. १९४९९९२। खर्च लेखेकोमा उक्त सामानहरु जिन्सी दाखिला गरेको छैन । औषधिहरूको आम्दानी,प्रयोग तथा मौज्दात देखिने गरी खर्च प्रभाबकारी बनाउनु पर्ने रु.	१,९४९,९९२
६९			**बोका खरिद** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम वजेट निर्धारित लक्ष्य अनुसार खर्च हुनुपर्दछ ।कार्यालयले गो.भौ.नं. २१२-०७८-३-३१(संघिय चालु) मा जगतपुर एग्रो प्रा.ली भरतपुर बाट ३ ओटा बयर बोका खरिद गरी निरमाया आले,श्रवन कुमार शाह र सरोज यादव लाई उपलब्ध गराई रु. ४३०५००। खर्च लेखेको छ । बाख्रापालन पकेट कार्यक्रमका लागी खरिद गरिएका बोका लेखापरीक्षण अवधीसंम पनि जिउदो नभएको जानकारी प्राप्त भएकोले खर्चको बास्तबिकता एकिन गर्नुपर्ने रु.	४३०,५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७०			**टुक्रे आयोजना** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा आवधिक योजना बनाई लागु गर्नुपर्ने विषय उल्लेख गरेको छ । नगरपालिकालाई समृद्ध र समुन्नत बनाउन आयोजना पूर्व तयारी देखि कार्यान्वियन सम्मका प्रक्रियालाई बैज्ञानिक र प्रभावकारी बनाइ आवधिक योजना कार्यान्वियन गर्नुपर्ने हुन्छ । तर नगरपालिकाले आयोजना छनौट गर्दा वडागत हिसाबले र अत्यन्तै स साना टुक्रे आयोजना छनौट गरी जे जती बजेट पुग्छ त्यती नै काम गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको पाइयो । पालिकाले आ.ब. २०७७।०७८ मा कुल २७४ आयोजनामा बजेट विनियोजन गरेकोमा रु ५ लाख मुनीका आयोजना मात्रै २०० वटा अर्थात ७२.९९ प्रतिशत रहेको पाइयो । यसरी स साना टुक्रे आयोजनामा बजेट विनियोजन गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।	
७१			**आयोजना अनुगमन** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरिय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले वडास्तरिय कार्यक्रम वडा अध्यक्ष र नगरस्तरिय कार्यक्रमको वडा अध्यक्ष एवं उप प्रमुखको अध्यक्षतामा रहेको नगरस्तरिय अनुगमन समितिबाट अनुगमन गराई भुक्तानीको लागि सिफारिस गर्ने गरेको देखियो । अनुगमन बाट यतिखर्चमा बनेको आयोजना अनुगमन भनी उल्लेख गरेतापनि योजनाका कमि कमजोरी उल्लेख गर्ने गरेको देखिएन । यसबाट उक्त काम सम्झौता अनुसार नै सम्पन्न भएको थियो भन्ने बुझिन आउँदछ । सवै जसो कामको अनुगमन पश्चात भुक्तानी हुने गरेको देखिँदा कुनै आयोजनामा कमि कमजोरी वा गुणस्तरमा प्रश्न उठेमा त्यस्को जिम्मेवारी उपभोक्ता समिति, प्राविधिक, अनुगमनकर्ता एवं भुक्तानीको लागि सिफारिस गर्ने पदाधिकारीलाई बनाउनु पर्ने देखिन्छ ।साथै अनुगमन गर्दा मापनिय सूचक सहितको फारामहरुको प्रयोग गरी आयोजना अनुगमनलाई थप प्रभावकारी बनाइनुपर्दछ	
७२			**आयोजनाको गुणस्तर** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम 97 मा उपभोक्ताले आफुले लिएको काम गुणस्तरिय बनाउन त्यस्को प्राविधिक नापजाँच प्राविधिकबाट गराई सार्वजनिक निकायबाट अनुगमन गराउनु पर्ने व्यवस्था छ ।पालिकाले आयोजना कार्यान्वय गर्दा कतिपय भवन, खानेपानी, सिचाइ जस्ता संरचनाहरुमा निश्चित अशको लागि मात्रै रकम विनियोजन गरी काम गराउदा त्यस्ता संरचना लामो समयसम्म पूर्ण नहुने, वातावरणीय प्रभाव लगायतको कारणले गुणस्तरमा ह्रास आउन सक्ने सम्भावना रहन्छ । तसर्थ आयोजना एकैपटक पूर्ण रुपमा सम्पन्न हुने गरी र सबै आयोजनाको प्रत्येक चरणमा गुणस्तर परीक्षण अनिवार्य गर्ने व्यवस्था गरी आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाइनुपर्दछ ।	
७३			**न्यूनतम दररेट** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्ने व्यवस्था छ ।तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन ।कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७४			**अनुगमन** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल, भरपाई, प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. २१८-०७८-३-२१(संघिय चालु) बाट बिभिन्न कार्यक्रम अनुगमन गरेको जनाई प्रती दिन रु. ८५० का दरले अनुगमन भत्ता कृष्णकला खड्का रु. ३५०००।,शिब नारायण शिंह रु. ३५०००।,हेम कुमार शाह रु. ३५०००। र मो. अशानुल नदाफ रु. २००००। समेत रु. १०८०००। भुक्तानी भएको छ । कुन कुन कार्यक्रम, कहिले अनुगमन गरेको हो सो समेत को बिबरण तयार नगरी प्रती दिन रु. ८५० का दरले अनुगमन भत्ता बितरण गरेकोले खर्च गरेको सम्बन्धमा एकिन गर्नुपर्ने रु.	१०८,०००
७५			**बढि भुक्तानी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(6) र ११ अनुसार प्राविधिक नाप जाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा विल र विजक राखि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. १७६-०७८-३-२५ मा लिल बहादुरको घरदेखि लाहुरेको घर सम्म सडक ग्राभेल उ.स बाट सडक ग्राभेल कार्य गराउदा धनुषा बाबा कन्ट्रक्सन बाट ७५० घन मिटर ग्राभेल खरिद गरेको बिल संलग्न गरेको अवस्थामा प्राविधिक बिलमा ९२८।७५ घन मिटर ग्राभेल नापि भएको देखियो । खरिद भएको बिल भन्दा बढि नापि भएको १७८।७५ घन मिटर को प्रति घन मिटर रु.१०९०।८६ को दरले रु.१९४९९१। बढि भुक्तानी भएको सम्बन्धमा बास्तबिकता एकिन गर्नुपर्ने रु.	१९४,९९१

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७६</td><td></td><td></td><td>

एकमुष्ट रकम बिनियोजन गरी पटक पटक निर्णय गरी खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाले बजेट तथा नीति तथा कार्यक्रम तयार गर्दा प्रस्तावित बजेट तथा कार्यक्रममा निम्न अनुसार रु. आवश्यकता पहिचान तथा स्थान एकिन नगरी एकमुष्ट इनार निर्माणमा बजेट विनियोजन गरी नगर प्रमुखको तोक आदेश अनुसार पटक पटक निर्णय गरी खर्च गरेको छ । नगरसभाबाट विस्तृत रुपमा योजनागत रकम बाँडफाँड नगरी एकमुष्ट रुपमा बजेट विनियोजन गरी कार्यपालिकाले तथा नगर प्रमुखले पटक पटक निर्णय गरी खर्च गरेको उचित देखिएन। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार प्राविधिक नाप जाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा विल र विजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार ३२ थान इनार निर्माण गरी रु.४३७६२२५। भुक्तानी गरेकोमा खर्चको साथ १ थान इनार निर्माणको कामको मूल्याङ्कन गरी जम्मा कामको थानलाई गुणा गरी मूल्याङ्कन गर्ने गरेको देखियो । इनार निर्माण कार्यको मूल्याङ्कन ठाउँ अनुसार फरक पर्ने भएको र औसतमा लिँदा वास्तविकता समेत नहुने भएकोले विस्तृत मूल्याङ्कन नगरी रु.४३७६२२५। खर्च गर्नु उचित देखिएन । यसरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

<table>
<tr><th>भौ.नं./मिति</th><th>उपभोक्ता समिति/संस्थाको नाम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१०८-०७८-३-९</td><td>इनार निर्माण २० थान उ.स</td><td>२०</td><td>२८४२५७४</td></tr>
<tr><td>१४९-०७८-३-२४</td><td>बिभिन्न वडामा इनार निर्माण उ.स</td><td>६</td><td>७३७३९६</td></tr>
<tr><td>१५०-०७८-३-२४</td><td>कृषि इनार निर्माण उ.स</td><td>६</td><td>७९६२५५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३२</td><td>४३७६२२५</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७७</td><td></td><td></td><td>निर्माण सामाग्री खरिद
खरिद भएका निर्माण सामाग्री प्रयोग हुनुपर्दछ । कार्यालयले निम्न अनुसार निर्नाण सामाग्री खरिद गरी रु.९४६२४७। भुक्तानी गरेकोमा उक्त सामान प्रयोग भएको प्रमाण खर्च साथ संलग्न छैन । अत सामान प्रयोग भएको प्राविधिक विल पेश गर्नुपर्ने रु...
<table>
<tr><th>भौ.नं/मिति</th><th>फर्मको नाम</th><th>सामानको विवरण</th><th>रकम</th></tr>
<tr><td>७७-०७८-२-१७</td><td>मदना आयरण स्टोर्स</td><td>एच.डि.पि.पाइप</td><td>६००००।</td></tr>
<tr><td>१८६-०७८-३-२८</td><td>आनिया इन्टरनेशनल सप्लायर्स प्रा.ली</td><td>रिङ्ग तथा ड्राइलेट प्यान खरिद</td><td>४८६५४४।</td></tr>
<tr><td>१९७-०७८-३-२८</td><td>मोहल ह्युमपाइप एण्ड कंक्रिट पोल्स इण्डष्ट्रिज</td><td>ह्युमपाइप</td><td>१५८२००।</td></tr>
<tr><td>२१६-०७८-३-२८</td><td>सेक एण्ड कुसियैत कन्स्ट्रक्सन</td><td>एच.डि.पि.पाइप</td><td>१४३५१०।</td></tr>
<tr><td>५-०७८-३-२८(कन्टिजेन्सी)</td><td>मोहल ह्युमपाइप एण्ड कंक्रिट पोल्स इण्डष्ट्रिज</td><td>ह्युमपाइप</td><td>९७९९३।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>९४६२४७।</td></tr>
</table></td><td>९४६,२४७</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>खर्चको प्रमाण
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल, भरपाई, प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले गो.भौ.नं. १४-०७८-३-३१ (कन्टिजेन्सी) बाट गणपती स्विट एण्ड चाट हाउसलाई चिया नास्ता को बिल संलग्न गरि प्रयोजन समेत नखुलाई रु. १५१७८९। खर्च लेखेको छ । प्रयोजन नखुलाई खर्च भएको रकम एकिन गर्नुपर्ने रु.</td><td>१५१,७८९</td></tr>
<tr><td>७९</td><td></td><td></td><td>सिलिका सिमेन्ट
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल, भरपाई, प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले गो.भौ.नं. ९-०७८-३-२३ (स्थानिय पुर्वधार) बाट खानेपानी ट्याङ्की निर्माण कार्य गर्नका लागि soni costruction लाइ उपलब्ध गराई रु. २९८८४६। खर्च गरेको छ। उक्त खर्चको प्राविधिक bill परीक्षण गर्दा silica cement 180 केजी प्रतिकेजी रु 751।४५ कादरले १३५२६१। खर्च लेखेको छ । ट्याङ्की निर्माण कार्य पि.सि.सि ढलानमा नर्म्स अनुसार silica cement प्रयोगहुने परिमाण एकिन नगरी बढी खर्च लेखेको ले खर्च रकम एकिन गर्नुपर्ने रु</td><td>१३५,२६१</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८०			**खर्चको सार्वजनिकरण** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल, भरपाई, प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. ०६-०७८-३-२८ (सडक बोर्ड) मा जंगली ढुङ्गाको स्थानदेखि वेचन करुरियाको घर हुँदै पूर्व चौतारा हुँदै श्रीरामपुर को हाइवेसम्म सडक मर्मत उ.स. बाट सडक ग्राभेल कार्य गरी रु ४२ लाख ४१ हजार ३५२ भुक्तानी गरेकोमा समितिले सार्वजनिक परीक्षण गर्दा रु ४०००४७५। मात्र खर्च भएको खर्च सार्वजनिक गरेकोले प्राविधिक विलमा रु. २४०८७७। बढी खर्च देखाएको रकम एकिन गरी असुल गर्नुपर्ने देखिएको रु	२४०,८७७
८१			**कार्यक्रम खर्च** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल, भरपाई, प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. १८३-०७८-३-२७(संघिय चालु) बाट नितिगत प्रशासनिक तथा व्याबस्थापन खर्च जनाई खाना,नास्ता,रेनकोट,वेग लगायत सामान खरिद गरी रु. १०००००। खर्च लेखेको छ। कार्यक्रम बेगर उल्लेखित रकम खर्च गरेको सम्बन्धमा एकिन गर्नुपर्ने रु.	१००,०००
८२			**परामर्श सेवा** सार्वजनिक खरिद नियमावली, २०६४ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा ३ देखि ६ सुचिकृत परामर्शदाताबाट आर्थिक र प्राविधिक प्रस्ताव माग गरी दुवैमा बढी अंक प्राप्त गर्ने परामर्शदाता सँग काम गराउन सक्नेमा सो नगराई पटक पटक टुक्रा पारी सोझै खरिद गरी रु.११८८४६०। खर्च लेखेको छ। लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेकोछ । साथै नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट छैन । आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । साथै सम्बन्धित फर्महरुले पेश गरेको रिपोर्ट पनि कार्यालयमा दाखिला समेत नदेखिएको अनियमित देखिएको रु.	१,१८८,४६०

भौ.नं./मिति	फर्मको नाम	विवरण	रकम
१८७-०७८-३-२८	अर्थ मास्टर इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.ली	भवनको डि.पि.आर	३४६९१०।
१८८-०७८-३-२८	शिवम इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड ट्रेडिङ्ग प्रा.ली	डि.पि.आर	४९१५५०।
१८९-०७८-३-२८	आयुष इन्जिनियरिङ्ग कन्सल्टेन्सी	भवनको डि.पि.आर	३५००००।
	जम्मा		११८८४६०।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८३</td><td></td><td></td><td>स्विकृत कार्यक्रम वेगर खर्च
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) बमोजिम अख्तियार प्राप्त भएको रकम स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित कानुन बमोजिम खर्च गर्नुपर्ने, दफा ७३(७) बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत, सीमा र शीर्षक वाहिर गइ बजेट खर्च गर्न नपाइने व्यवस्था छ साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल, भरपाई, प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. २४०-०७८-३-३० अमानत बाट वडा सचिव श्री धर्मेन्द्र कुमार यादवलाई कार्यक्रममा बजेट व्यवस्था नभएको पहलमान प्रतियोगिता संचालन गरेको जनाई ५००००० अन्य शिर्षकको रकमबाट खर्च गरेको छ। कार्यक्रममा नभएको खर्च अमानतबाट खर्च गर्ने पूर्व स्विकृती समेत नलिई, लागत अनुमान तयार नगरी पुजिगत प्रकृतिको बजेटबाट साधारण प्रकृतिको खर्च गरेको अनियमित देखिएको रु</td><td>५००,०००</td></tr>
<tr><td>८४</td><td></td><td></td><td>उपभोक्ता समितिबाट सीमा भन्दा बढीको कार्य
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने र उल्लिखित एक करोड रुपैंया सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट गराएको निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सी वापतको रकम समावेश नगरी औसतमा १५ प्रतिशत जनसहभागिताको अंश मात्र समावेश गरी लागत अनुमान तयार गरेर उपभोक्ता समितिबाट निर्माण कार्य गरेको देखियो। सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था अनुसार रु.१ करोड भन्दा बढि लागत अनुमान भएको निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुनेगरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ । कार्यालयले उपभोक्ता समितिबाट गराएको निर्माण कार्यको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सीको रकम समावेश गर्दा एक करोड रुपैंयाभन्दा बढी हुने भएकाले एक करोड रुपैंया भन्दा बढीको निर्माण उपभोक्ता समितिबाट गराएको कार्य अनियमित देखिएको रु..
<table>
<tr><th>क्र.सं.</th><th>उपभोक्ता समितिबाट गराएको कामको विवरण</th><th>स्वीकृत लागत अनुमान</th><th>ओभरहेड र मूल्य अभिवृद्धी समेतको लागत अनुमान</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>चिसापानी हुदै कालापानी संम ट्र्याक खोल्ने कार्य उ.स</td><td>९३६९४११।७७</td><td>१२१०३६६९</td><td>८३७०००४</td></tr>
</table></td><td>८,३७०,००४</td></tr>
<tr><td>८५</td><td></td><td></td><td>बढि भुक्तानी
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(६) र ११ अनुसार प्राविधिक नाप जाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा विल र विजक राखि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. १७८-०७८-३-२५ मा सडक मर्मत बिभिन्न स्थानमा उ.स बाट सडक ग्राभेल कार्य गराउदा सिनु जेनरल अर्डर सप्लायर्स बाट १४५।८ घन मिटर ग्राभेल खरिद गरेको बिल संलग्न गरेको अवस्थामा प्राविधिक बिलमा ३०३।७८ घन मिटर ग्राभेल नापि भएको देखियो । खरिद भएको बिल भन्दा बढि नापि भएको १५७।९८ घन मिटर को प्रति घन मिटर रु.१०९०।८६ को दरले रु.१७२३३४। बढि भुक्तानी भएको सम्बन्धमा बास्तबिकता एकिन गर्नुपर्ने रु.</td><td>१७२,३३४</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८६			**बढि भुक्तानी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(६) र 11 अनुसार प्राविधिक नाप जाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा विल र विजक राखि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. २०१-०७८-३-२८ मा कामिटोल टडियामा ग्राभेल सहित सडक निर्माण उ.स बाट सडक ग्राभेल कार्य गराउदा धनुषा बाबा कन्ट्रक्सन बाट २०० घन मिटर माटो र २७० घन मिटर ग्राभेल खरिद गरेको बिल संलग्न गरेको अवस्थामा प्राविधिक बिलमा ३२८ घन मिटर माटो र २८८।३० घन मिटर ग्राभेल नापि भएको देखियो । खरिद भएको बिल भन्दा बढि नापि भएको १२८।३२ घन मिटर माटो र १८।३० घन मिटर ग्राभेल को प्रति घन मिटर क्रमश रु. ५६०।२४ र रु. १०९०।८६ को दरले रु.९१८५३। बढि भुक्तानी भएको सम्बन्धमा बास्तबिकता एकिन गर्नुपर्ने रु.	९१,८५३
८७			**बढि भुक्तानी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(६) र ११ अनुसार प्राविधिक नाप जाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा विल र विजक राखि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. २-०७८-३-२४ (प्रदेश सरकार) मा बालुवा पुल निर जमिन कटान नियन्त्रण कार्य उपभोक्ता समितिलाई कटान नियन्त्रणका लागि ३*१*१ को ७३ थान र २*१*१ को ७१ थान समेत १४४ थान ग्याबियन जाली प्रयोग गरेको जनाई रु १९४८८७४ भुक्तानी गरेको छ । उक्त समितिले पेश गरेको बिल भर्पाइ परीक्षण गर्दा धनुषा बाबा कन्ट्रक्सन बाट ढुंगा ३५० धनमिटर खरिद गरेको देखिएकोले औसतमा १२७ थान जाली प्रयोग भएको देखिन्छ। ढुंगा प्रयोग भएको जालि भन्दा १७ थान बढि प्रयोग देखाई प्रतिथान रु १३ हजार २३१ का दरले रु २१५५२७। को बढी मुल्यांकन देखाइ भुक्तानी भएको सम्बन्धमा एकीन गर्नुपर्ने रु.	२१५,५२७
८८			**उपभोक्ता मार्फत डिप बोरिङ्ग** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट संचालित निर्माण कार्यमा हेभी मेशिन प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सहमति लिइ मेशिन प्रयोग गर्न सकिने सो विपरित प्रयोग गरेको पाइएमा उपभोक्ता समितिसंग भएको सम्झौता रद्ध गरिने, नियम ९७(१३क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसार उपभोक्ता समितिबाट डिप वोरिङ्ग जस्तो जटील प्रकृतीको काम गर्ने गरी सम्झौता गरेकोमा समितिले सामान खरिद गरि उपलब्ध गराई निर्माण व्यवसायीबाट कार्य गराएको विल भरपाई पेश गरी रु.९५५६६८६। भुक्तानी गरेको छ । जुन नियमावलीको व्यवस्था अनुकुल देखिदैन । जटिल प्रकृतिको कार्य उपभोक्ताबाट गराउने कार्य नियन्त्रण गरी नियमावलीको व्यवस्था अनुसार प्रतिस्पर्धा गराएर मात्र गर्नुपर्ने देखिन्छ । यसरी गराएको कामको विवरण यस प्रकार छ:	

भौ.नं./मिति	उपभोक्ता समितिको नाम	विवरणा	संख्या	भुक्तानी रकम	फर्मको नाम	रकम	कैफियत
३-०७८-३-२४(प्रदेश)	सखुवानी टोलमा खानेपानी तथा सिचाईको लागी डिप	६" एम.एस पाइप सहितको डिप बोरिङ्ग	२ थान	१९८७११७	एलिसा डिप बोरिङ्ग एण्ड	१२४८०६२	समितिले सामान खरिद गरि उपलब्ध गराएको, थप पाईप खरिद

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				बोरिङ्ग जडान				ड्रिलिङ्ग सेवा		गरी उपलब्ध गराएकोमा नापि प्रयोग नदेखिएको	
			५-०७८-३-२८(प्रदेश)	वडा नम्बर १,३ र ६ मा डिप बोरिङ्ग निर्माण ३ थान	६" एम.एस पाइप सहितको डिप बोरिङ्ग	३ थान	२९७७३४४	एलिसा डिप बोरिङ्ग एण्ड ड्रिलिङ्ग सेवा	१८७२०९३	समितिले सामान खरिद गरि उपलब्ध गराएको, थप पाईप खरिद गरी उपलब्ध गराएकोमा नापि प्रयोग नदेखिएको	
			३१-०७७-१२-१९	खानेपानी डिप बोरिङ्ग रातमाटे उ.स	६" एम.एस पाइप सहितको डिप बोरिङ्ग	१ थान	११३८४१७	एलिसा डिप बोरिङ्ग एण्ड ड्रिलिङ्ग सेवा	८३३०९२	समितिले सामान खरिद गरि उपलब्ध गराएको, थप पाईप खरिद गरी उपलब्ध गराएकोमा नापि प्रयोग नदेखिएको	
			२००-०७८-३-२८	खानेपानी डिप बोरिङ्ग मोटर पाइप सहित १ थान उ.स	६" एम.एस पाइप सहितको डिप बोरिङ्ग (७५ मिटर)	१ थान	६९१८०३	एलिसा डिप बोरिङ्ग एण्ड ड्रिलिङ्ग सेवा	६६४९८२	सामान सहित	
			१९९-०७८-३-२८	खानेपानी डिप बोरिङ्ग मोटर पाइप सहित ४ थान उ.स	६" एम.एस पाइप सहितको डिप बोरिङ्ग (७५ मिटर)	४ थान	२७६२००५	एलिसा डिप बोरिङ्ग एण्ड ड्रिलिङ्ग सेवा	२६५३५५६	सामान सहित	
					जम्मा		९५५६६८६।		७२७१७८५।		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८९			**खानेपानी तथा डिप बोरिङ्ग जडान** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(६) र 11 अनुसार प्राविधिक नाप जाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा विल र विजक राखि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार उपभोक्ता समितिबाट ६" एम.एस पाइप सहितको डिप बोरिङ्ग कार्य गर्न सम्झौता गरेकोमा उपभोक्ता समितिले उक्त कार्य गर्न सामान खरिद गरी निर्माण व्यवसायीलाई उपलब्ध गराई निर्माण व्यवसायीले कार्य गरि कर विजक पेश भएको देखिन्छ । निर्माण व्यावसायिले पेश गरेको कर विजकमा सामान खरिद बाहेकको लागत अनुमानमा उल्लेख भएको सम्पूर्ण कार्य गर्ने उल्लेख गरेको छ । जस अनुसार सामान खरिद र निर्माण ब्यावसायिको बिजक अनुसार निम्नानुसार रु. ७७५५८९१। खर्च लेख्नुपर्नेमा डोरहाजिरी संलग्न गरि रु.८४१८२६९। खर्च लेखेकोले बढि खर्च लेखेको रु.६६२३७८। असुल गर्नुपर्ने देखिएको रु	६६२,३७८

भौ.नं./मिति	उपभोक्ता समितिको नाम	विवरणा	संख्या	भुक्तानी रकम	फर्मको बिल र सामानको बिल रकम	बढि रकम
३-०७८-३-२४(प्रदेश)	सखुवानी टोलमा खानेपानी तथा सिचाईको लागी डिप बोरिङ्ग जडान	६" एम.एस पाइप सहितको डिप बोरिङ्ग	२ थान	१९८७११७	१७७१६८६।	२१५४३१।
५-०७८-३-२८(प्रदेश)	वडा नम्बर १,३ र ६ मा डिप बोरिङ्ग निर्माण ३ थान	६" एम.एस पाइप सहितको डिप बोरिङ्ग	३ थान	२९७७३४४	२६६५६६७	३११६७७
२००-०७८-३-२८	खानेपानी डिप बोरिङ्ग मोटर पाइप सहित १ थान उ.स	६" एम.एस पाइप सहितको डिप बोरिङ्ग (७५ मिटर)	१ थान	६९१८०३	६६४९८२	२६८२१
१९९-०७८-३-२८	खानेपानी डिप बोरिङ्ग मोटर पाइप सहित ४ थान उ.स	६" एम.एस पाइप सहितको डिप बोरिङ्ग (७५ मिटर)	४ थान	२७६२००५	२६५३५५६	१०८४४९
		जम्मा		८४१८२६९	७७५५८९१	६६२३७८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९०			**तारजाली** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँच गरि वास्तबिक कार्यसम्पादनको आधारमा बिलबिजक भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. ३३-०७७-१२-२२ बाट जाली लगाउने कार्य आहाले टोल गौरी खोला पट्टी उ. समितिलाई उपलब्ध गराई ३*१*१ साइजको ९५ थान जाली प्रयोग गरेको जनाई रु१७०५७९८। खर्च गरेको छ । समितिले पेश गरेको बिल भर्पाइ परीक्षण गर्दा समितिले बर्दिबास हार्डवयर प्रालि बाट १० गेज को तार ३४३८ केजी खरिद गरेको छ । नम्स अनुसार ३*१*१ को जाली तयार हुन ३९.११ के.जी लाग्ने हुँदा उक्त समितिले ८८ थान तारजाली प्रयोग गरेको देखिन्छ। अतः बढी जाली प्रयोग गरेको प्राविधिक बिल तयार गरि ७ थान को प्रतिथान रु. १७८२३। को दरले रु १२४७६१। बढी मुल्यांकन भई भुक्तानी भएको सम्बन्धमा यकिन गरी असुल गर्नुपर्ने रु.	१२४,७६१
९१			**बढि भुक्तानी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(६) र ११ अनुसार प्राविधिक नाप जाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा विल र विजक राखि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. ४१-०७७-१२-२४ मा मेनवत्ती सडक मर्मत तथा ग्राभेल उ.स बाट सडक ग्राभेल कार्य गराउदा मां जानकी सप्लायर्स बाट १९४ घन मिटर ग्राभेल खरिद गरेको बिल संलग्न गरेको अवस्थामा प्राविधिक बिलमा ४१४।१५ घन मिटर ग्राभेल नापि भएको देखियो । खरिद भएको बिल भन्दा बढि नापि भएको २२०।१५ घन मिटर को प्रति घन मिटर रु.१०९०। ८६ को दरले रु.२४०१५२। बढि भुक्तानी भएको सम्बन्धमा बास्तबिकता एकिन गर्नुपर्ने रु.	२४०,१५२
९२			**नगरपालिका भवन निर्माण कार्य**	
९२.१			पालिकाले नगरपालिकाको भनव निर्माण कार्यको लागि ठेक्का नं. १३-०७६/०७७ अन्तर्गत Worldwide-Isnb Jv सँग मिति २०७७/३/१० मा रु ५,४९,१६,३२७.८५ को सम्झौता गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार रहेको छनः	
९२.२			गो.भौ.नं. ३९-०७८/३/२९ बाट पाचौ रनिङ्ग बिल बापत रु ४३०२०९८ भुक्तानी दिने क्रममा सि.नं. २६ को कार्य आइटममा प्राविधिकको नापी अनुसार ३७४९.७९ बर्ग मिटर अद्यावधिक काम भएको र उक्त परिमाणको रकम चौथो रनिङ्ग बिलबाट भुक्तानी भैसकेकोमा पाचौ रनिङ्ग बिलबाट नापीमा नभएको १३३९.२६ बर्ग मिटरको रु ५०० को दरले मू.अ. कर सहित रु ७५६६४८.३८ बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु	७५६,६४८
९२.३			ठेक्का फाइल व्यवस्थापनः कार्यालयको ठेक्का फाइल व्यवस्थापनको कमजोरीले गर्दा नगरपालिका भवन निर्माण कार्य ठेक्का न १३-०७६/०७७ को लागत अनुमान तथा दर बिष्लेषण लेखापरीक्षणको लागि पेश नभएकोले लागत अनुमान सम्बन्धमा बिष्लेषण गर्न सकिएन । ठेक्का फाइल ब्वस्थापनमा संलग्न कर्मचारीलाई जिम्मेवार बनाइ ठेक्का फाइल व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९३			**ठेक्का फाइलः** पालिकाले ठेक्का नं. GCM/WORKS/18/2076/077 को निर्माण व्यवसायी जानकी निर्माण सेवालाई प्रथम रनिङ्ग बिलबापत रु १३७११०६.00 भुक्तानी दिएकोमा सो को ठेक्का बिल, प्राविधिकको नापि लगायतको कागजात लेखापरीक्षणको लागि पेश हुन नसकेकोले लेखापरीक्षणको लागि पेश हुनुपर्ने रु	१,३७१,१०६
९४			**अधुरो ठेक्का** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा परामर्शदाताको ढिलाइको कारणले सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरि साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । निम्न बमोजिम ठेक्काको म्याद निम्नानुसार मितिमा समाप्त हुन नसकेकोमा म्याद थपको निर्णय लेखापरीक्षणको लागि पेश भएन । मिति २०७७/३/२९ को नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुसार कोभिड १९ को कारणले पौष मसान्त सम्म म्याद थप भएको मान्ने हो भने पनि त्यस पश्चातको समयको पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी र सम्बन्धीत निर्माण व्यवसायीलाई कानून बमोजिम जिम्मेवार समेत बनाइ कार्य सम्पन्न गराइनुपर्दछ ।	

ठेक्का नं	कार्य	शुरु सम्पन्न हुने अवधि	सम्झौता रकम	हालसम्म भुक्तानी रकम	कार्य सम्पन्नको अवस्था
GCM/WORKS/16/2076/077	स्वास्थ्य केन्द्र भवन	3/15/2077	2855861.32	2117545.66	कार्य सम्पन्न नभएको
GCM/WORKS/17/2076/077	स्वास्थ्य केन्द्र भवन	3/15/2077	2832446.91	2100275.54	कार्य सम्पन्न नभएको
GCM/WORKS/19/2076/077	स्वास्थ्य केन्द्र भवन	3/15/2077	2373471.83	1885858.17	कार्य सम्पन्न नभएको

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९५			**पूर्व निर्धारित क्षतिपुर्ति** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा परामर्शदाताको ढिलाइको कारणले सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरि साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । पालिकाले १५ शैयाको अस्पताल निर्माण कार्यको लागि डि पि आर तयार गरे बापत गोल्डेन इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि लाई मू.अ.कर सहित रु १९८८२३५.00 भुक्तानी गरेको देखिन्छ । उक्त कार्यको लागि पालिकाले ३ महिनाभित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८/९/१० मा सम्झौता गरेकोमा उक्त प्रा लि ले ९४ दिन ढिलो गरी मिति २०७८/३/१४ मा प्रतिवेदन पेश गरेको पाइयो । तसर्थ नियमावलीको उक्त प्रावधान अनुरुप ढिला दिनको पूर्व निर्धारित क्षतिपुर्ति बापतको रकम रु ९३४४७ सम्बन्धीतबाट असुल गर्नुपर्ने रु	९३,४४७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९६			**ठेक्का प्रतिस्पर्धा** एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत वडा नं. ६ को स्वास्थ्य चौकी भवनलाई १५ शैयाको अस्पतालमा स्तरोन्नती गर्ने कार्यको लागि ठेक्का आव्हान गरेकोमा कुल लागत अनुमानको तुलनामा ०.८९ प्रतिशत अर्थात मू.अ.कर सहित रु १६,८८,०८,५४८.41 कबोल गरेका निर्माण व्यवसायी New Draigon Nirman Sewa प्रा लि सँग पालिकाले सम्झौता गरेको छ । मूल्यांकन समितिले कुल ११ वटा प्रस्तावमध्ये अरु १० वटा प्रस्तावलाई Similar experience (Construction experience in key activities) मा योग्यता नपुगेको भनी असफल गरेको देखिन्छ । स्वास्थ्य चौकी लाई अस्पतालमा स्तरोन्नती गर्ने कार्य कुनै जटिल बिषय नभएको र experience in key activities मा पनि कुनै जटिल प्रकृतिको कार्य आइटम नभएतापनि उक्त प्रा लि बाहेक अन्य बोलपत्रदाताले अनुभवको योग्यता पेश नगरेको र कार्यालयले पनि मूल्यांकनका क्रममा थप कागजात माग गर्न के कती प्रयास गर्यो भन्ने व्यहोरा खुलेको देखिएन । तसर्थ पालिकाले ठेक्कामा यथोचित प्रतिस्पर्धा हुने व्यवस्था मिलाई सरकारी खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ ।	
९७			**सामान खरिद** पालिकाले गो.भौ.नं. २४-०७८/२/४ बाट गरिब पहिचान तथा परिचयपत्र बितरण कार्यक्रम अन्तर्गत इन्टेल कम्प्युटर एण्ड इलेक्ट्रोनिक्सबाट मू.अ.कर सहित रु ३४९६२२ मा Samsung ट्याब ७ थान खरिद गरेको पाइयो । भूमि व्यवस्थान सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट आवश्यक स्पेशिफिकेसन तोकेर पठाएको तर पालिकाले तिनवटा कोटेशन माग गर्दा स्पेशिफिकेसन नतोकेको र समान प्राप्ती पछी पनि स्पेशिफिकेसन बमोजिम आए नआएको एकिन नगरी भुक्तानी गरेको पाइयो । स्पेशिफिकेसन नतोकी र स्पेशिफिकेशन भिडान नगरी समान खरिद गर्ने कमजोरीमा सुधार हुनुपर्दछ ।	
९८			**एकिकृत स्वास्थ्य पूर्वाधार बिकास कार्यक्रम** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ क (१) मा सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था छ । त्यस्तै उपदफा २ पहिलोपटक स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिको आधारमा दिन सकिने व्यवस्था छ । तर पालिकाले मिति २०७८/३/८ र २०७८/३/२३ मा निर्माण व्यवसायीको कार्य प्रगति एकिन नगरी सम्झौता रकमको १७.५३ प्रतिशत अर्थात रु २,९६,००,०००.०० पेश्की दिएको पाइयो । निर्माण व्यवसायीलाई पेश्की दिदा उपर्युक्त व्यवस्थाको परिपालना गर्नुपर्दछ ।	
९९			**बिद्यालयगत निकासा** पालिकाले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरवन्दी र राहात कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालयगत निकासा खाता अध्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको बिद्यालयगत स्थिति स्पष्ट हुन सकेन । अत बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१००			**दरवन्दी मिलान** शिक्षा नियमावलीले ब्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस नगरपालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहात दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको संख्या एकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कूनै विद्यालयमा शिक्षक बढी हुने र कुनै विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो असर पर्न जाने भएकाोले समयमै दरबन्दी मिलान गर्नुपर्दछ । अतः यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलबको लागि निकासा दिएको रकम वास्तबिक हो भनी एकिन गर्न सकिएन ।	
१०१			**विद्यालयगत निकासा रजिस्टर्ड** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।	
१०२			**शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS** कार्यक्रम कार्यान्वियन पुस्तिका (आ. व. २०७७।७८ मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००। का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ ।	
१०३			**कट्टी रकम** बिद्यालयहरुले त्रेमाशिक निकासा माग फाराम पेश गर्दा अघिल्लो चौमासिकको तलब भत्ता वितरण गर्दा हाजिरी विवरण, कट्टी भएको सा.सु.कर, पारिश्रमिक कर, ना.ल.कोष कट्टी तथा सापटी कट्टी गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने ब्यवस्था छ । बिद्यालयहरुले त्रैमाशिक निकासा माग फाराम पेश गर्दा अघिल्लो चौमासिकको हाजिरी विवरण, तलब भत्ता वितरण गर्दा कट्टी भएको सा.सु. कर, पारिश्रमिक कर, ना.ल. कोष कट्टी, क.सं.कोष कट्टी तथा सापटी कट्टी गरी दाखिला गरेको प्रमाण पेश गरेको छैन । यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भन्ने बिश्वस्त आधार भएन । उल्लेखित कमजोरी समयमै सुधार हुनुपर्दछ ।	
१०४			**दिवा खाजा कार्यक्रम**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०४.१			पालिकाले यस बर्ष सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका विद्यार्थिहरुलाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं.२.७.११.१ अनुसार प्रति विद्यार्थी रु.१५ का दरले २३ वटा विद्यालयको खातामा गो भौ नं. ७६।२०७८।१।७ बाट रु.५९६०८५० निकासा गरिएकोमा देखिएका व्यहोरा निम्नानुसार छन्ः	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०४.२			बढी निकासाः पालिकाले यस बर्ष आफ्नो अधिकार क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुको खातामा दिवा खाजका लागि रकम निकासा गरेको निकासा रकम र जम्मा विद्यार्थी उपस्थित दिनसँग तुलना गर्दा फरक देखिएबाट निम्नानुसार विद्यालयलाई बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु.	५८२,३६५

विद्यालयको नाम	निकासा रकम	खर्च रकम	फरक
श्री जनता आधारभूत विद्यालय मैनावती	१५९७५०	१०७८३५	५१९१५
श्री रा.प्रा.वि. टडिया	१९२३७५	९५८९५	९६४८०
श्री जनता आधारभूत विद्यालय जुडिवजार	१०३५००	९४३५०	९१५०
श्री रामजानकी रा.प्रा.वि डुमरीया	१९३५००	१४६०५५	४७४४५
श्री रा.प्रा.वि. तिनतल्ले	१६०८७५	११८६९५	४२१८०
श्री उदय अमर रा.प्रा.वि रातमाटे	१८७८७५	१८४४८५	३३९०
श्री लक्ष्मी रा.प्रा.वि बरमझिया	१३१६२५	८१४९५	५०१३०
श्री ज.रा.प्रा.वि लाल बहादुर टोल	२२५०००	२०११३५	२३८६५
श्री अन्हेरबाट रा.प्रा.वि शंकरपुर	२३०६२५	१९८५७०	३२०५५
श्री ज.जा.मा.वि. गोदार	२८१२५०	२१०७०५	७०५४५
श्री मा.वि. भरतपुर	४५२२५०	४१२७१०	३९५४०
श्री त्रिभुवन मा.वि चिसापानी	३०२६२५	२०६८०५	९५८२०
श्री रा.प्रा.वि छोट्की दमार	५८५००	३७६५०	२०८५०
जम्मा			५८३३६५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०५			**नि शुल्क पाठ्यपुस्तक वितरण कार्यक्रम**	
१०५.१			कार्यक्रम कार्यान्बयन पुस्तिका आ.ब .२०७७।०७८ को सि.नं २.४.६.१ कक्षा १ देखी १० सम्म अध्ययनरत बिद्यार्थीको लागी नि-शुल्क पाठ्यपुस्तक अनुदानको लागी गो भौ नं. १२६। ०७८।३।१५ बाट रकम रु.३५१८७१३ बिद्यालयको खातामा निकासा भएकोमा निम्नानुसार व्यहोरा देखिएका छन्ः	
१०५.२			बढी निकासाः सामुदायिक विद्यालयहरुले पालिकामा पेश गरेको वितरणको भरपाई र निकासा रकमलाई भिडान गर्दा निम्न विद्यालयहरुमा बढी निकासा गएको देखिएकोले बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.	४७,६४५

विद्यालयको नाम	निकासा रकम	वितरित रकम	बढी भएको रकम
श्री जनता आ.वि. मैनावती	८५८५०	७१७९४	१४०५६
श्री लक्ष्मी रा.प्रा.वि. बरमझिया	६७८६४	५६८३८	११०२६
श्री जनता रा.प्रा.वि. लालबहादुर टोल	९२४०८	७२९९०	१९४१८
श्री जनता आ.वि. जुडिबजार	१३४६८९	१३१५४४	३१४५
जम्मा			४७६४५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०५.३			अनुगमन तथा मुल्याङ्कनः आर्थिक कार्यविति तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९(५) अनुसार सरकारी रकमलाई खर्च लेख्दा वील भरपाई तथा आवश्यक कागजात संलग्न गरी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले पाठ्यपुस्तक रकम निकासा गरेकोमा वील भरपाई पेश नभएको हकमा विद्यालयले पुस्तक खरिदको वील तथा वितरणको भरपाई अनुगमन गरी एकिन गर्नुपर्दछ ।	
१०६			**छात्राबृत्रि कार्यक्रम**	
१०६.१			कार्यान्बयन पुस्तिका आ.ब.२०७७।०७८ को सि.नं ७.२.१.१ सामुदायीक बिद्यालयका आधारभुत तथा माध्यमिक तहमा अध्ययनरत बिद्यार्थीहरुका लागी बिपन्न लक्षित हुनेगरि गैर आबासीय छात्रबृति कार्यक्रमको निकासा गो भौ नं.१३९।०७८।३।१६ बाट भएको रकम रु १३९३२०० रहेकोमा देखिएका व्यहोरा निम्नानुसार छनः	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०६.२			बढी निकासाः पालिकाले यस आर्थिक बर्षमा सामुदायिक विद्यालयका दलित छात्र तथा छात्राछात्रबृति निकासा विद्यार्थीरुलाई गरिएकोमा पालिकाबाट प्राप्त पेश गरेको वितरणको भरपाईका आधारमा परीक्षण गर्दा निम्न विद्यालयको खातामा बढी निकासा भएको देखिएकोले बढी निकासा रकम एकिन गरी असुल गर्नुपर्ने रु.	२१,२००

विद्यालयको नाम	निकासा रकम	वितरण रकम	बढी भएको रकम
श्री मा.वि. बरमझिया	६२०००	१५०८००	११२००
श्री रा.प्रा.वि.लभटोल	५५२००	४७६००	७६००
श्री मा.वि. विरेन्द्रबजार	१३४४००	१३२४००	२०००
श्री रा.प्रा.वि. छुटकीदमार	८०००	७६००	४००
जम्मा			२१२००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०६.३			छात्राबृतिको बील भरपाईः आर्थिक कार्यविति तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९(५) अनुसार सरकारी रकमलाई खर्च लेख्दा वील भरपाई तथा आवश्यक कागजात संलग्न गरी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले छात्राबृति रकम निकासा गरेकोमा निम्न विद्यालयले वितरण गरे नगरेको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.	५२४,४००

विद्यालयको नाम	निकासा रकम
श्री जनता आधारभूत विद्यालय जुडिबजार	२२८००
श्री रा.प्रा.वि तिनतले	३२४००
श्री लक्ष्मी रा.प्रा.वि बरमझिया	३६८००
श्री अन्हेरवाट रा.प्रा.वि शंकरपुर	३७२००
श्री मा.वि. गोदार	११२४००
श्री मा.वि भरतपुर	१७२०००
श्री त्रिभुवन मा.वि चिसापानी	७६८००
मदर्शा काद्रियह अजिजे मिल्लत छघरिया	३४०००
जम्मा	५२४४००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०७</td><td></td><td></td><td>विद्यालय भौतिक पूर्वाधार निर्माण
स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित "कार्यक्रम कार्यान्वयन पुस्तिका, आ व ०७७।७८ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तरगतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्ना प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । उक्त पुस्तिकामा विद्यालय भौतिक निर्माण कार्यक्रम सञ्चालन गर्दा सम्झौता भएका विद्यालयहरुलाई प्राविधिकहरुले निरीक्षण गरी दिएको प्रतिवेदनका आधारमा पहिलो किस्ताका रुपमा कुल अनुदान रकमको ३०% रकम अनुदान दिने, Structural Part को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताका रुपमा कुल अनुदान रकमको ५०% रकम अनुदान दिने र कार्यसम्पन्न गरे पश्चात नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताका रुपमा कुल अनुदान रकमको २०% रकम अनुदान दिने व्यवस्था छ । कार्यालयले उपरोक्तानुसार विद्यालयसँग सम्झौता नगरी तथा नापी किताव एवं कार्यसम्पन्न प्रतिवेदन पेश नगरी वर्षान्तमा निम्नानुसार विद्यालयलाई एकमुष्ट रु.७९०००००। अनुदान प्रदान गरेको छ । तसर्थ अनुदान रकमको समुचित प्रयोगको सुनिश्चितताको लागि भौतिक प्रगति भएको प्रमाण तथा नाप जाँच गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>विद्याल यको नाम</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>श्री नवदुर्गा नि.मा.वि. राधापुर</td><td>शौचालय निर्माण</td><td>७०००००</td></tr>
<tr><td>श्री ज.जा.मा.वि गोदार</td><td>रेट्रोफिटिङ्ग</td><td>१५०००००</td></tr>
<tr><td>श्री रा.प्रा.वि चितहा</td><td>विद्यालय भौतिक पूर्वाधार निर्माण</td><td>३६०००००</td></tr>
<tr><td>श्री रामजानकी रा.प्रा.वि डुमरिया</td><td>खानेपानी सहितको शौचालय निर्माण</td><td>७०००००</td></tr>
<tr><td>श्री अल्हेरवाट रा.प्रा.वि शंकरपुर</td><td>खानेपानी सहितको शौचालय निर्माण</td><td>७०००००</td></tr>
<tr><td>श्री रा.प्रा.वि छोट्की दमार</td><td>खानेपानी सहितको शौचालय निर्माण</td><td>७०००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७९०००००</td></tr>
</table></td><td>७,९००,०००</td></tr>
<tr><td>१०८</td><td></td><td></td><td>Book Corner & OJT निकासा
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी खर्चको भुक्तानी गर्दा बील, भरपाई तथा आवश्यक कागजात संलग्न गरी भुक्तानी गर्नुपर्नेमा पालिकाले १३०।०७८।३।१६ बाट २१ वटा विद्यालयलाई कक्षा १ देखि १२ को लागि रु.१४१४६०० निकासा दिएकोमा उक्त रकमको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०९			**विज्ञान प्रयोगशाला अनुदान** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार विगतमा यस प्रकृतिको अनुदान नपाएका माध्यमिक विद्यालयहरुको पहिचान गरी प्रति विद्यालय ६ लाख ५० हजारको दरले विद्यालयलाई उपलब्ध गराउने, यसरी अनुदान दिदा विद्यालयको विद्यार्थी संख्या, जेष्ठता समेतलाई आधार मानी सुचि बनाउने, यसै गरी विज्ञान विषय पढाई भएका विद्यालय, प्राविधिक धार संचालित विद्यालय र नमुना विवद्यालयलाई प्रदान गर्ने तर यस प्रकृतिको बजेट विगत बर्षमा त्यस्ता विद्यालयले प्राप्त गरेको भए दोहोरो नदिने व्यवस्था छ । पालिकाले बिज्ञान प्रयोगशाला वापत रु.१९५०००० निम्न ३ विद्यालयहरुलाई निकासा दिएको छ। निकासा दिएको रकम सदुपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु	१,९५०,०००

विद्यालयको नाम	वापत	रकम
श्री मा.वि भरतपुर	विज्ञान प्रयोगशाला	६५००००
श्री श्री अल्हेरवाट रा.प्रा.वि शंकरपुर	पुस्तकालय तथा विज्ञान प्रयोगशाला	६५००००
श्री ज.जा.मा.वि गोदार	पुस्तकाल तथा विज्ञान प्रयोगशाला	६५००००
जम्मा		१९५००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११०			**शिक्षण सिकाईमा ICT को प्रयोगका लागि अनुदान** स्थानीय तहले इन्टरनेट पहुँच भएका तथा विद्युतको नियमित आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी ती विद्यालयबाट प्रस्ताव माग गर्ने, विद्यालयले माध्यमिक तहमा गणित, अङ्ग्रेजी र विज्ञान विषय पढाइ रहेका कम्प्युटर ऐच्छिक विषयका रुपमा अध्यापन गराएका एवम् शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहित प्रस्ताव पेश गर्ने, प्रस्तावहरुको मूल्याङ्कन गरी विद्यालयहरुको छनोट गर्ने, छनोट भएका विद्यालयहरुलाई गणित, विज्ञान र अङ्ग्रेजी विषयका Kits र networking, internet आदि व्यवस्थापन गर्न लगाउदा आवश्यक फर्निचर, कम्प्युटर उपकरण सफ्टवेयर विद्युतीय अन्तरक्रियात्मक श्रव्य दृश्य सिकाई सामाग्री व्यवस्थापन गर्ने गरी प्रति विद्यालय ६ लाख ५० हजार एकमुष्ट अनुखान रकम उपलब्ध गराउने व्यवस्था छ । पालिकाले शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहित प्रस्ताव माग र सो उपर मूल्याङ्कन नगरी ICT अनुदान रु.४५५०००० निम्न ५ विद्यालयहरुलाई उपलब्ध गराएको छ । यसरी उपलब्ध गराइएको अनुदानको सहि उपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । विद्यालयको नाम | वापत | रकम श्री शंकर मा.वि. बनरझुल्ला | कम्प्युटर ल्याव स्थापना | ६५०००० श्री रा.प्रा.वि तिनतले | कम्प्युटर ल्याव स्थापना | ६५०००० श्री ज.जा.मा.वि गोदार | कम्प्युटर ल्याव स्थापना | ६५०००० श्री मा.वि. भरतपुर | कम्प्युटर ल्याव स्थापना | १९५०००० श्री मा.वि. बरमझिया | कम्प्युटर ल्याव स्थापना | ६५०००० जम्मा | | ४५५००००	

विद्यालयको नाम	वापत	रकम
श्री शंकर मा.वि. बनरझुल्ला	कम्प्युटर ल्याव स्थापना	६५००००
श्री रा.प्रा.वि तिनतले	कम्प्युटर ल्याव स्थापना	६५००००
श्री ज.जा.मा.वि गोदार	कम्प्युटर ल्याव स्थापना	६५००००
श्री मा.वि. भरतपुर	कम्प्युटर ल्याव स्थापना	१९५००००
श्री मा.वि. बरमझिया	कम्प्युटर ल्याव स्थापना	६५००००
जम्मा		४५५००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१११			**अङ्ग्रेजी, गणित र विज्ञान शिक्षण अनुदान** पालिकाले यस बर्ष कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निम्न तीन वटा विद्यालयहरुलाई अङ्ग्रेजी, विज्ञान र गणित विषय शिक्षण सहयोग वापत खनुदान प्रदान गरेकोमा उक्त खर्च देखिने वील भरापई पेश नभएकोले आवश्यक कागजात पेश हुनुपर्ने रु.	१,७२७,५२०
११२			**विद्यालय कोभिड तर्फ**	
११२.१			विद्यालय स्वास्थ्य कार्यक्रमः कोभिड १९ का कारण उत्पन्न बिषम परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रमका लागि २३ वटा सामुदायिक विद्यालयको खातामा जम्मा रु.१५२०२०० निकासा गरिएकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्ः	

विद्यालयको नाम	रकम
श्री रा.मा.वि. विरेन्द्रबजार	४३१८८०
श्री मा.वि. भरतपुर	६४७८२०
श्री मा.वि बरमझिया	४३१८८०
श्री त्रिभुवन मा.वि चिसापानी	२१५९४०
जम्मा	१७२७५२०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११२.२</td><td></td><td></td><td>बढी निकासाः पालिकाले निकासा दिएको तेरिज र विद्यालयहरुले पेश गरेको विलको आधारमा तुलना गर्दा निम्न विद्यालयहरुमा निकास भन्दा खर्च कम देखिएकोले बढी भएको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>निकासा रकम</th><th>खर्च रकम</th><th>बढी रकम</th></tr>
<tr><td>श्री कुशवाह आ.वि. लखनपुर</td><td>२०८००</td><td>१९९४०</td><td>८६०</td></tr>
<tr><td>श्री रा.प्रा.वि. छोटकीदमार</td><td>१२२००</td><td>११७२०</td><td>४८०</td></tr>
<tr><td>श्री रा.मा.वि.विरेन्द्रबजार</td><td>१४५६००</td><td>१४५०००</td><td>६००</td></tr>
<tr><td>श्री मा.वि.बरमझिया</td><td>१९०६००</td><td>१७८०२४</td><td>१२५७६</td></tr>
<tr><td>श्री ज.जा.मा.वि. गोदार</td><td>१८५६००</td><td>१६९९९७</td><td>१२६०२</td></tr>
<tr><td>श्री आ.वि. पोर्ताहा</td><td>६०८००</td><td>४९९९२४</td><td>१०८७६</td></tr>
<tr><td>श्री जनता आ.वि. मैनावती</td><td>४४६००</td><td>३२६१४</td><td>११९८६</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४९९८०</td></tr>
</table></td><td>४९,९८०</td></tr>
<tr><td>११२.३</td><td></td><td></td><td>विल भरपाईः आर्थिक कार्यविति तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९(५) अनुसार सरकारी रकमलाई खर्च लेख्दा वील भरपाई तथा आवश्यक कागजात संलग्न गरी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले स्वास्थ्य सुरक्षा सामाग्री व्यवस्थापन अनुदान रकम निकासा गरेकोमा निम्न १३ विद्यालयले स्वास्थ्य सुरक्षा सामाग्री खरिदको वील तथा वितरणको भरपाई पेश गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>निकासा रकम</th></tr>
<tr><td>श्री नवदुर्गा नि.मा.वि राधापुर</td><td>५५२००</td></tr>
<tr><td>श्री जनता आ.वि जुडीबजार</td><td>५२४००</td></tr>
<tr><td>श्री नि.मा.वि छिहत्तरविघा</td><td>४६२००</td></tr>
</table></td><td>७३३,४००</td></tr>
</table>

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
				श्री रा.प्रा.वि तिनतले	३६०००		
				श्री रा.प्रा.वि लवटोली २	४७०००		
				श्री रा.प्रा.वि चितहा	२८८००		
				श्री लक्ष्मी रा.प्रा.वि बरमझिया	३५६००		
				श्री ज.रा.प्रा.वि लाल बहादुर टोल	४५६००		
				श्री अल्हेरवाट रा.प्रा.वि शंकरपुर	४०४००		
				श्री मा.वि भरतपुर	२०४०००		
				श्री त्रिभुवन मा.वि चिसापानी	८७८००		
				मदर्श इस्लाहुल मस्लेमीन अस्सलाफीया छघरिया	२५४००		
				मदर्श काद्रियह अजिजे मिल्लत छघरिया	२९०००		
				जम्मा	७३३४००		
११२.४			कोभिड १९ बाट प्रभावित शैक्षिक कार्यक्रमलाई गति प्रदान गर्न कोभिड १९ अनुदान अन्तर्गत ११ सामुदायिक विद्यालयहरुलाई रु.१२००० का दरले इन्टरनेट जडानका लागि अनुदान प्रदान गरिएकोमा सम्बन्धित प्रयोजनमा खर्च भए नभएको एकिन गर्न नसकिएकोले पालिकाले सो सम्बन्धी अनुगमन गर्नुपर्दछ ।				

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११३</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम
राष्ट्पति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयहरुमा कम्प्युटर ल्याव स्थापना तथा पुस्तकालय तथा विज्ञान प्रयोगशाला स्थापनाका लागि अनुदान प्रदान गरिएकोमा विद्यालयबाट प्राप्त विल भरपाई तुलना गर्दा निकासा रकम भन्दा खर्च रकम कम देखिएकोले बढी भएको रकम असुल गर्दुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>निकासा रकम</th><th>खर्च रकम</th><th>फरक रकम</th></tr>
<tr><td>श्री मा.वि बरमझिया</td><td>६५००००</td><td>६४८५०२</td><td>१४९८</td></tr>
<tr><td>श्री आ.वि तिननले</td><td>६५००००</td><td>६४८९९७</td><td>१००३</td></tr>
<tr><td>श्री मा.वि भरतपुर</td><td>१९५००००</td><td>१९४८७०७</td><td>१२९३</td></tr>
<tr><td>श्री ज.जा.मा.वि गोदार</td><td>१३०००००</td><td>१२९८८६६</td><td>११३४</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४९२८</td></tr>
</table></td><td>४,९१८</td></tr>
<tr><td>११४</td><td></td><td></td><td>तलवी प्रतिवेदन
निजामती सेवा ऐन, २०४९ को दफा ६(ख२) अनुसार कार्यालयले जिल्ला स्थित प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले ५ वटा स्वास्थ्य चौकीको ३३ जना स्वास्थ्य कर्मचारीहरुको तलव भत्तामा खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित नभएकोले तलव र ग्रेड भिडान गर्न सकिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>११५</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम
सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ११ वटा वडका लागि लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न तिन वटा वैंक लाई चौमासिक निकासा गरी तिन चौमासिकको जम्मा रु.८,१२,३५,५९१.०० निकासा दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :</td><td></td></tr>
<tr><td>११६</td><td></td><td></td><td>अनुगमन तथा सुपरिवेक्षण
सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्यक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समितिनै गठन नगरेकोले निदेर्शिका अनुसारको समिति गठन गरि क्रियासिल हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११७			**लगत कट्टाको अभिलेख** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले आर्थिक वर्ष २०७७-०७८ के कति लगत कट्टा र थप भयोको विवरण लेखापरिक्षणको क्रममा पेश गरेको छैन ।	
११८			**दाखिलाको विवरण** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २५ मा बैंकले लाभग्राहिको खातामा रकम जम्मा भएको स्पस्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुचि – १३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यमवाट अनिवार्य रुपमा पठाउनुपर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने व्यवस्था छ । नगरपालिकाले सामाजिक सुरक्षा शिर्षकबाट लाभग्राहिको खातामा रकम भुक्तानी गर्न बैंकलाई प्रत्यक वडाको विवरण सहित निकासा दिएकोमा वैंकवाट सवै वडाको एकमुष्ट लाभग्राहीको खातामा रकम दाखिला गरेको वार्षिक विवरण उपलव्ध गराएको छ । जसवाट प्रत्यक वडावाईज निकासा भिडान गर्न सकिएन । वैंकले प्रत्यक वडा वाईज प्रत्यक चौमासिकरुपमा लाभग्राहिको खातामा रकम जम्मा गरिदिएको विवरण माग गरी MIS विवरण सँग भिडा गरी लाभग्राहिको खातामा रकम जम्मा भएको सुनिश्चित गरेरमात्रै अर्को चौमासिकको निकासा दिने र तेस्रो चौमासिकको विवरण माग गरी बाँकी रकम फिर्ता लिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११९			**खर्च नभएको निष्कीय रकम** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंक बिच हुने सम्झौतापत्रको दफा ६ मा नगरपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए नगरपालिकालाई उपलव्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी नगरपालिकाले तत्काल बैंकलाई उपलव्ध गराउनुपर्ने र सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछिको रकम नगरपालिकामा फिर्ता पठाउने तथा बैंकले निष्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र नगरपालिकालाई दिनुपर्ने व्यवस्था छ । कार्यालयबाट चौमासिकरुपमा सवै वडाका लाभग्राहिको खातामा रकम जम्मा गर्न निम्न बैंकलाई रु. .८,१२,३५,५९१.00 निकासा पठाएको रकम मध्ये कति रकम लाभग्राहिको खातामा दाखिला गरी बाँकी भुक्तानी नभई निष्कृय खातामा रहेको रकम यकिन गरी संघिय संचितकोष खतामा दाखिला गर्नुपर्दछ ।विभिन्न वैंकमा रकम निकासा भएको विवरण निम्न छन ।	

क्र.स.	वैक	निकासा रकम	वितरण रकम	फिर्ता गर्नुपर्ने रकम
1	माछापुच्छ्रे वैंक लि.	२७१८०१६६	विवरण प्राप्त नभएको	विवरण प्राप्त नभएको
2	सेन्चुरी वैंक लि.	२६१८८५८०	विवरण प्राप्त नभएको	विवरण प्राप्त नभएको
3	नेपाल वैंक लि.	२७८६६८४५	विवरण प्राप्त नभएको	विवरण प्राप्त नभएको
जम्मा		८,१२,३५,५९१		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२०			**पारदर्शिता** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२१			**स्रेस्ता तथा अभिलेख** पालिकाले आन्तरिक राजस्व तर्फ निम्नानुसारको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन । स्रेस्ता तथा अभिलेख पूर्ण रुपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रुपमा उठाउने मालपोत दस्तुर, सिफारिस दस्तुर, एकिकृत सम्पत्ती कर लगायतका विभिन्न् शिर्षकमा प्राप्त गरेको आयको यथार्थता लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन । तोकिएका अभिलेख तथा स्रेस्ता तयार नगर्ने तथा व्यवस्थित नगर्ने कर्मचारीलाई कानून बमोजिम जिम्मेवार बनाइ आन्तरिक आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ । · म.ले.प.फा.नं. १०२- दैनिक राजस्व आम्दानी खाता · म.ले.प.फा.नं. १०३- गोश्वारा भौचर (राजस्व) · म.ले.प.फा.नं. १०४- राजस्व आम्दानीको शिर्षकगत खाता · म.ले.प.फा.नं. १०५- राजस्व आम्दानीको गोश्वारा खाता · म.ले.प.फा.नं. १०६- राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता · म.ले.प.फा.नं. १०७- राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता · म.ले.प.फा.नं. १०८- राजस्व आम्दानी बैंक नगदी किताब	
१२२			**राजस्व सम्बन्धी सफ्टवेयर** पालिकाले आन्तरिक राजस्व संकलन प्रयोजनार्थ सबै वडामा समेत विधुतिय सफ्टवेयर प्रयोगमा ल्याएको जनाएको छ । आफैले प्रयोगमा ल्याएको यस्तो सफ्टवेयरको डाटा स्टोरेज, डाटा परिवर्तन तथा डाटा सुरक्षाको पाटोमा आश्वस्त हुन सकिने गरी भरपर्दो सुरक्षा तथा अनुगमन व्यवस्था भएको पाइएन ।पालिकाले म.ले.प.फा.नं. १०२ देखि १०८ सम्मको अभिलेख तथा कागजात तयार नगरेको कारण सफ्टवेयरबाट उत्सर्जित तथ्याकं भिडान गर्न सकिएन । उल्लिखित कमजोरीमा सुधार गर्दै सफ्टवेयरलाई सुरक्षित, विश्वसनिय, र भरपर्दो बनाइनुपर्दछ ।	
१२३			**मुल्य अभिवृद्धि कर** मुल्य अभिवृद्धि कर:- मुल्य अभिवृद्धि कर नियमावली २०५३ मा मुल्य अभिवृद्धि कर लाग्ने वस्तु ठेक्का मार्फत विक्रि गर्दा वा सेवा शुल्क संकलन गर्दा ठेक्का रकममा लाग्ने मुल्य अभिवृद्धि कर समेत दाखिला गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले यो वर्ष निम्न नदीको गिट्टि, ढुङ्गा वालुवा लगायत वस्तुमा प्रति क्यू फिट शुल्क रु.३ का दरले न्यूनतम अङ्क कायम गरी वोलपत्र आह्रान गरेकोमा निम्नानुसार ठेक्का स्विकृत भएको देखियो । सो अनुसार स्विकृत ठेक्का रकममा १३ प्रतिशत मु.अ.कर घटि दाखिला गरेकोले सम्बन्धीतबाट असुल गर्नुपर्ने रु	२,१४६,२७७

क्र.स.	नदीको नाम	संझौता रकम	ठेक्का पाउनेको नाम	13 प्रतिशत मु.अ.कर	दाखिला गरेको कर	बाँकी मु अ कर रकम
1	चारनाथ खोला	१७५०५५५५	धनुषबाबा कन्सट्रक्स्न	२२७५७२२	१००००००	१२७५७२२
2	कमला खोला	१७४१११११	जय वजरंग वालुवा प्रशोधन उद्योग	२२६३४४४	१३९२८८९	८७०५५५
जम्मा				४५३९१६६	२३९२८८९	२१४६२७७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२४			**ठेक्का आय** यो नगरपालिका, सिरहाको कर्जन्हा नगरपालिका र Chaina Railway No.2 Engineering Group Co.Ltd बिच चारनाथ खोला र कमला नदि दोभान क्षेत्र को ७०० मिटरको वरिपरी वाट गिट्टि, ढुङ्ग, बालुवा प्रति घन फिट रु ४ मा उपलव्ध गराउने गरी मिति २०७७/७/२ मा त्रिपक्षिय सम्झौता भएको देखिन्छ । उक्त सम्झौता बमोजिम पालिकालाई उक्त कम्पनीले गिट्टि, ढुङ्ग, बालुवा उत्खनन बापत रु ४०,५६,९६७.०० र सो को १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु ५,२७,४०७ बुझाएको देखिन्छ । तर प्राविधिकको प्रतिवेदनमा उक्त त्रिपक्षिय सम्झौता अनुसार कमला नदिको नदिजन्य पदार्थ कमला नदिको पश्चिम महेन्द्र राजमार्ग भन्दा करिब १ किलोमिटर दक्षिणमा दुइ ठाउँमा नदिजन्य पदार्थ मण्डारण गरेको र दुबै ठाउँमा गरी कुल ८४०४५ घनमिटर रहेको व्यहोरा उल्लेख छ ।यसरी प्राविधिकको प्रतिवेदन अनुसार गिट्टि, ढुङ्गा, बालुवाको परिमाण ८४०४५ घनमिटर अर्थात २९६७६२८.९५ घन फिटको प्रति घन फिट रु ४ को दरले रु १,१८,७०,५१५.८० र सो मा लाग्ने १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु १५,४३,१६७.०५ गरी कुल रु १,३४,१३,६८२.८५ को सम्झोता अनुरुप यस पालिकाले प्राप्त गर्नुपर्ने ५० प्रतिशत रु ६७,०६,८४१.४३ हुनुपर्नेमा मू.अ.कर सहित रु ४५,८४,३७४.०० मात्र प्राप्त गरेको देखिन्छ । घटी प्राप्त भएको रु २१२२४६७.४३ सम्बन्धीतबाट असुल गर्नुपर्ने रु	२,१२२,४६७
१२५			**आय प्राप्तीको सुनिश्चितता** उक्त ठेक्का आयमा सिरहाको कर्जन्हा नगरपालिकाले पनि ५० प्रतिशत रकम प्राप्त गर्ने उल्लेख भएकोमा सो बमोजिम उक्त नगरपालिकाले के कती रकम प्राप्त गर्यो एकिन हुन सकेन । यस नगरपालिकाको प्राविधिक प्रतिवेदन अनुसार यस नगरपालिकाले घटी प्राप्त गरेकोले कर्जन्हा नगरपालिकाले पनि घटी प्राप्त गरेको हुन सक्ने देखिन्छ । तसर्थ ५० प्रतिशतले हुने रकम रु ६७,०६,८४१.४३ उक्त नगरपालिकाले प्राप्त गरे नगरेको सुनिश्चित गर्नुपर्दछ ।	
१२६			**प्राविधिक प्रतिवेदन तयार नगरेको** मिति २०७७।४।३० मा चारनाथ र कमला खोलाबाट ३३६६६६७ क्युव फिट र १३३३३३३ क्युव फिट गिटी, बालुवा, रोडा संकलन गर्न गरपालिकाले संयुक्त रुपमा सुचना प्रकाशन गरेको र फेरी मिति २०७७।७।२ मा उक्त दुई खोलाबाट चाइना रेल्वे नं २ इन्जिनियरिङ ग्रुप लाई पुन गिटी, बालुवा, रोडा उपलव्ध गराउने सम्झौता गरेकोमा चाइना रेल्वे नं २ ले २९६७६२९ क्युव फिट ति खोलाहरुबाट उत्खन्न गरेको नगरपालिकाको प्रतिवेदन अनुसार देखिन्छ ।IEE रिर्पोट अनुसार चारनाथ खोलाबाट २८६०११० क्युव फिट । कमला खोलाबाट २८६०११० क्युव फिट उत्खन्न गर्न मिलने देखिन्छ । अत यसरी IEE रिर्पोट भन्दा बढि उत्खन्न गरी वातावरणमा प्रत्यक्ष रुपमा प्रभाव पार्ने गरी नगरपालिकाले खोलाहरुको गिटी, बालुवा, रोडा विक्रि गर्न मनासिव देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।	
१२७			**अत्यधिक दोहन** मिति २०७७।४।३० मा चारनाथ र कमला खोलाबाट ३३६६६६७ क्युव फिट र १३३३३३३ क्युव फिट परिमाणमा ठेक्का बन्दोबस्तको लागि सूचना प्रकाशन गरी गिटी, बालुवा, रोडा संकलनको लागि ठेक्का लागेकोमा कति परिमाण उत्खनन भयो त्यसको चलानी तथा अनुगमन रिर्पोट समेत पेश नभएकोले संकलन परिमाण यकिन गर्न सकिएन । उत्खनन परिमाणको अभिलेखाङ्कन र अनुगमन नहुँदा अत्यधिक दोहन हुन सक्ने सम्भावना रहन्छ । त्यस तर्फ पालिकाले ध्यान पुर्याउनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२८			**कालो सुचिमा राख्ने** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३(१)ख मा वोलपत्र बाट छनौट भएको बोलपत्र दाता संझौता गर्न नआएमा कालोसुचिमा राख्न सक्ने र त्यसको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने व्यवस्था छ ।यो वर्ष कमला खोलाको गिट्टि, ढुङ्ग, बालुवा विक्रिको लागि वोलपत्र गरेकोमा एम.ए.कन्सट्रकस्न, जनकपुर धनुषाले रु.२,५१,०१,१११.०० पेश गरेको देखिन्छ । नगरपालिकाले सम्झौता गर्न आउन पत्राचार गरेकोमा सम्पर्कमा नआएको भनि दोस्रो वढिवाला जय बजरंग बालुवा प्रसोधन उद्योग निर्माण सेवाको कवोल अङ्क रु.१,७४,११,१११.०० स्विकृत गरी ठेक्का लगाएको देखियो । यस बाट स्थानिय सरकारलाई रु.७६९००००.०० घटी राजश्व प्राप्त हुन गएको छ । यस्तो अवस्थामा ठेक्का स्विकृत पश्चात सम्झौता गर्न नआएको वोलपत्र दातालाई ऐन नियमको व्यवस्था अनुसार कालो सुचिमा राख्ने कार्वाहि अगाडी बढाएको पाइएन । नियमको व्यवस्था कार्यान्वियन गरी कालोसुचीमा राख्नुपर्दछ ।	
१२९			**राजश्व दाखिला गर्नुपर्ने रकम धरौटीमा राखेको** देहायको आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्दा ठेकेदारले नियमानुसार बुझाउनु पर्ने ठेक्का रकममा निज ठेकेदारहरुले ठेक्का लिदांको बखत जम्मा गरेको धरौटी रकम समेत ठेक्का रकममा समाबेश गरेकोमा कार्यालयबाट सोही बमोजिम गर्ने भएकोमा धनुषबाबा कन्सट्रकस्नले जम्मा गरेको धरौटी रु.१७,७५,५०५। हालसम्म धरौटी खातामै रहेको देखियो । उक्त रकम आन्तरिक राजश्व खातामा दाखिला गर्नुपर्ने रु.	१,७७५,५०५
१३०			**चेक वाउन्स** नेपाल राष्ट्र वैंकबाट जारी एकिकृत निर्देशन २०७७ मा भुक्तानी हुन नसक्ने चेक जारी गर्नेलाई कालोसुचिमा राखि कारबाही गर्ने व्यवस्था छ । गणेशमान चारनाथ नगरपालिकाले निम्न अनुसारको खोलाको गिट्टि वालुवा ढुङ्गाको ठेक्का लगाउदा ठेक्केदारबाट आएको एकाउन्ट पेयी चेक रु ४१८५०५०। खातामा मौज्दात नभई चेक नसाटिएको कारण नगरपालिकालाई समयमा आय प्राप्त भएको देखिएन । यसरी समयमा आय प्राप्त नहुदा नगरपालिकाले सम्बन्धितबाट व्याज लिएको समेत देखिएन । अत सम्वन्धितलाई कानुन बमोजिम कारवाही समेत गरी उक्त अवधिसम्मको व्याज असुल गर्नुपर्दछ ।	

पार्टि/ खोला	रकम	चेक दिएको मिति	रकम प्राप्त मिति	ढिलो भएको अवधि
धनुष बाबा कन्सट्रकस्न/चारनाथ	१७३००५०	०६/२१/२०७७	१०/१९/२०७७	३ महिना २८ दिन
जय वजरंग वालुवा प्रशोधन उद्योग/कमला	२४५५०००	०६/१२/२०७७	१०/१४/२०७७	४ महिना २ दिन
जम्मा	४१८५०५०			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३१			**विभाज्य कोषमा दाखिला** प्रदेश आर्थिक ऐन २०७७ को दफा ६ (३) पालिकाले संकलन गरेको दहत्तर बहत्तर शुल्कको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष दहत्तर बहत्तर शुल्क बापत रु ४१३६६५३०.८८ प्राप्त गरेको मध्ये कर्जन्हा नगरपालिका सिरहालाई दिएको रु.८७०५५५५.५ घटाउदा बाँकी हुन आउने रु.३२६६०९७५.३८ को ४० प्रतिशतले हुन आउने रकम रु १३०६४३९०.१५ प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा दाखिला गरेको नदेखिएकोले उक्त रकम प्रदेश सञ्चित कोषमा दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु	१३,०६४,३९०.१५
१३२			**आन्तरिक आय तर्फ**	
१३२.१			यो वर्ष विभिन्न वडाले मालपोत र अन्य शुल्क असुली प्रयोग भएका मालपोत रसिद र नगदी रसिद लेखापरीक्षणमा माग गरेकोमा परिक्षण गर्दा वडाले यो वर्ष नगरपालिका बाट वुझेको केहि रसिद ठेली प्रयोग भए र प्रयोग भएका सवै रसिदको राजश्व दाखिला गरेको छ भन्न सक्ने अवस्था छैन । नगरपालिकाले पुराना रसिद फिर्ता लिई नयाँ छपाई गरी सिरियल नम्वर लगातार भएका रसिद प्रयोग गराउने र प्रयोग नभएका रसिद आषाढ मसान्तमा फिर्ता लिई खर्च भएका रसिद र सो अनुसारको राजश्व दाखिला सुनिश्चित गरिनुपर्दछ यस वर्ष पालिकाले फाल्गुण १ गतेवाट राजस्व अनलाइन समेत काटेको नगरपालिकाको भनाई छ । यस सम्वन्धमा नियन्त्रण गर्ने प्रणालीको व्यवस्थालाई नगरपालिकाको ध्यान जानुपर्दछ । यो वर्ष लेखापरीक्षणमा पेश गरेका विभिन्न नम्वरका रसिद ठेलि अनुसार रु. ७८,५१,४३७। राजश्व असुल गरेको छ तर नगरपालिकाको आन्तरिक आय भनि रु ८४३०६८४.६७। असुल भनि तथ्याङ्क प्राप्त भएको छ, वाँकी रकम के वाट आएको हो भनि यकिन हुनुपर्दछ। प्रयोग भएका सवै रसिद लेखापरीक्षणमा पेश गरेको छ भन्न सक्ने आधार छैन । यसमा नगरपालिकाले प्राप्त हुनुपर्ने राजश्व एकिन गरी यो भन्दा बढि राजश्व असुल नभएको आधार सुनिश्चित गर्नु पर्दछ । वडा नं. ११ वाट कम रकम दाखिला भएको रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु	२५,२९५

वडा नं	लेखापरीक्षणमा पेस भएका ठेली संख्या			असुल राजश्व	दाखिला नभएको
	मालपोत ठेली	नगदी रसिद ठेली	जम्मा ठेली		
१,२,३ न.पा मा	२८	५४	८२	६५६१३३६.	
४	८	१२	२०	१८९९६६.	
५	११	१६	२७	२६२७६३.	
६	९	१३	२२	२५०९८७.	
७	७	१२	१९	२०२४७९.	
८	४	७	११	१०७६५५.	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				९	४	९	१३	८०९८१.			
				१०	३	८	११	१००४९१.			
				११	२	6	8	९४७७९.	२५२९५		
				जम्मा				७८,५१,४३७।			
१३२.२			राजश्व असुल गर्दा रसिद अनुसार असुलि देखिने म.ले.प.फा.न १०२ देखि १०८, सम्मका खाता राखि वैंक दाखिला पश्चात गोश्वारा भौचर उठाई राजश्व असुली खाता राख्नुपर्नेमा रसिद वाट सिधै वैङ्क दाखिला गरी वैंक स्टेटमेन्ट अनुसार आम्दानी जनाउने गरेको छ । जसवाट दाखिला राजश्व र खाता भिडान गर्न सकिएन । खाता तयार गरी आम्दानी भिडान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।								
१३२.३			रसिद नियन्त्रण खाताः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ५१ मा ऐन वमोजिम प्रत्येक कारोवारको लेखा राख्नुपर्ने व्यवस्था छ त्यस्तै सोही ऐन तथा नियमावलीमा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी बनाउन आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । सो अनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने मालपोत रसिद एवं नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खातामा प्रविष्टि गरी सो बाट वुझेर लगेको अभिलेख राखि रसिद नियन्त्रणलाई व्यवस्थित गर्नु पर्दछ । नगदी रसिद खाता प्रमाणित गरी नराखेको र सामान्य टिपोटमा यो वर्ष विभिन्न वडालाई रसिद वुझाएको उल्लेख गरेको छ । जसवाट २०७७ आषाढमा कति रसिद वाँकी थिए २०७७।७८ मा कति छपाई गरियो र सो अनुसार जम्मा रसिद ठेलिमा कुन कुन वडामा कति रसिद उपलव्ध गराईयो र जिन्सिमा कति ठेली बाँकी छन सो एकिन गर्न सक्ने आधार भएन । यो वर्ष लगेको मध्ये प्रयोग नभएको रसिद २०७८ आषाढ मसान्तमा फिर्ता गर्नुपर्नेमा नगरी प्रयोग गर्ने गरेवाट नगदी रसिदको प्रयोगमा नियन्त्रण देखिदैन । यसमा नगरपालिकाले वुझेको र प्रयोग गरेको रसिद एकिन गरी असुल राजश्व सवै दाखिला गरे नगरेको छानबिन गरी सुनिश्चित गर्नु पर्दछ ।								
१३३			**मनोरञ्जन कर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।								

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३४			**सवारी कर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।	
१३५			**बहाल विटौरी कर** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५९ मा नगरपालिकाले वहाल विटौरी कर उठाउन पाउने व्यवस्था छ । यस वर्ष नरपालिकाले आफ्नो क्षेत्र भित्र पर्ने विभिन्न ठाउँका हाट बजार क्षेत्र, होडिङ्ग बोर्ड, भवन बहाल आदि वापत कुनै पनि राजश्व असुल गरेको छैन । विद्यमान हाट बजारहरुलाई ब्यवस्थित बनाउदै लैजानु पर्दछ साथै नगरपालिका भित्र के कति सार्वजनिक जग्गा, गुठि जग्गाहरु रहेको छ त्यसको उपयोगको अवस्था के छ सो को एकिकृत लगत संकलन गरी करको दायरामा ल्याउनु पर्ने देखिन्छ ।	
१३६			**व्यवसाय कर** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ नगरपालिकाको कार्यालयले यो वर्ष व्यवसाय कर असुल गर्ने प्रक्षेपण नगरेकोमा कुनै पनि कर असुल गरेको देखिएन । नगरपालिकाले व्यवसाय दर्ता र नविकरण तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । नगरपालिकाले स्थानि सरकार संचालन ऐन २०७४ को दफा ५८ को अधिकार प्रयोग गरी सवैलाई करको दायरामा ल्याउनुपर्ने देखिन्छ ।	
१३७			**आन्तरिक लेखापरीक्षण** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८३ मा व्यवस्था भए अनुसार प्रत्येक स्थानीय तहले आन्तरिक लेखापरीक्षक नियुक्त गरी सोबाट सबै आर्थिक कारोवारको प्रत्येक चौमासिकमा आन्तरिक लेखापरीक्षण गरी गराई आन्तरिक नियन्त्रणलाई व्यवस्थित गर्नुपर्नेमा सो पालिकामा आन्तरिक लेखापरीक्षक कार्यरत भएतापनि निजबाट आन्तरिक लेखापरीक्षण भई प्रतिवेदन तयार भएको पाइएन । आन्तरिक लेखापरीक्षण नगरेको कारण हुन सक्ने वा भएका कमि कमजोरी समयमै सुधार हुन सक्ने देखिएन । कानुनको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षण गराई आर्थिक कारोवारलाई व्यवस्थित गनुपर्दछ ।	
१३८			**पेश्की बाँकी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(५) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । कार्यालयले विभिन्न निर्माण व्यवसायी, पदाधिकारी र कर्मचारीलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभई वांकी रहेको देखियो । फछ्र्यौट गर्न वाँकी रहेको पेश्की नियमावलीको व्यवस्था अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको रु	२,८८३,४४०

क्रम	कर्मचारीको नाम	पेस्की रकम
१३८.१	राम ऐकवाल महत्तो	२०,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३९			अनुगमन तथा सम्परीक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ (२) मा अन्तिम लेखापरीक्षण हुदा औल्याएका वेरुजुहरुको लगत राखी फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । कार्यालयले वेरुजु अभिलेख राखेको पाइएन र लेखापरीक्षणको क्रममा कार्यालयले फस्र्यौट गरी पेश गरेको बेरुजु मध्ये फस्र्यौटको प्रमाण संलग्न भएका निम्नानुसारको बेरुजु रु.४८६५६८४ सम्परीक्षण गरिएको छ ।	

१३८.२	राम ऐकवाल महत्तो	५,००,०००
१३८.३	राम ऐकवाल महत्तो	२८,०००
१३८.४	राम ऐकवाल महत्तो	५०,०००
१३८.५	राम ऐकवाल महत्तो	५०,०००
१३८.६	श्याम जि राय	१,०६,५००
१३८.७	श्याम जि राय	२१,६५०
१३८.८	श्याम जि राय	५८,०००
१३८.९	राम ऐकवाल महत्तो	१९,०००
१३८.१०	श्याम जि राय	१,२४,०००
१३८.११	न्यु ड्रायगन निर्माण सेवा प्रा.लि.	१३,२१,२९०
१३८.१२	गोदार स्वास्थ्य चौकि	२०,०००
१३८.१३	विजय सापकोटा	५०,०००
१३८.१४	मोहन ठाकुर वरहि	३,५०,०००
१३८.१५	विश्वनाथ यादब	१,६५,०००

आ.व.	दफा नं.	बेरुजुको व्यहोरा	रकम	सम्परीक्षणको व्यहोरा	रकम

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	२०७४-०७५	५६	श्री बिनोद कुमार महराको प्रतिबेदनमा बढि खर्च लेखेको तथा कर कट्टी नगरेको	१७६००।	नगरपालिकाको आन्तरिक श्रोत तथा कर रकम बेरुजु खातामा दाखिला भएको प्रमाण सम्लग्न गरी बेरुजु फस्यौट गरी पेश भएको आधारमा संपरीक्षण रु.	१७६००		बेरुजु रकम
				२०७४-०७५	५७	बिल भरपाई पेश नभएको रु.	६०१५४५	निम्नानुसारका पदाधिकारीको बिल भरपाई सम्लग्न गरी बेरुजु फस्यौट गरी पेश भएको आधारमा संपरीक्षण रु. सि.नं. / नाम / रकम १ / वडाअध्यक्ष श्री राम चरित्र महतो / २०००० २ / वडाअध्यक्ष श्री सोनलाल यादब / ४२७५० ३ / वडाअध्यक्ष श्री दयाराम यादव / २८१००० ४ / वडाअध्यक्ष श्री राजलाल यादव / २५७९७५ जम्मा / ६०१५४५	६०१५४५		
				२०७५-०७६	४५.५	व्यवसायीले तोकिएको नदि क्षेत्रमा प्राकृतिक श्रोत संकलन गर्न नपाएको कारण २०७६।१।२७ मा उच्च अदालत जनकपुरमा उत्प्रेषण मिश्रित परमादेशको लागी निवेदन गरेकोमा सो कारवाहीको प्रक्रिया टुङ्गो नलागेको र		कमला नदि गणेशमानचारनाथ र कर्जन्हाको साझा नदि रहेकोले ठेक्का कबोल बापतको रकममा ५०% रकम कर्जन्हा न.पा सिराहा लाई यस कार्यालयबाट दिनुपर्ने भएको हुदा निज ठेकेदारबाट नै रु. ८६५०००। कर्जन्हा न.पा सिराहा मा जम्मा गर्न लगाई बाँकी रकम रु. २७३५००३। को सनराईज बैकको चेक प्राप्त भई दाखिला भएको प्रमाण सम्लग्न गरी बेरुजु फस्यौट गरी पेश भएको आधारमा संपरीक्षण रु			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
						व्यवसायीले बुझाउनुपर्ने थप रु. ३६ लाख सनराइज बैंक राजविराज शाखामा कार्यसम्पादन जमानत राखेकोमा जमानतको मान्य अवधि भित्रै नगरपालिकाले ग्यारेन्टी क्लेम गरेकोमा बैंकबाट रकम प्राप्त गरेको देखिदैन । जमानतको मान्य अवधि जूलाई १६, २०१९ मा समाप्त भई सकेको समेत देखिन्छ । जमानतको मान्य अवधि भित्र दावी भएको उक्त रकम बैंकबाट प्राप्त गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.					
				२०७५-०७६	१०६	नपुग कर असुल गरी दाखिला गर्नुपर्ने रु.	५१३०	कर रकम बेरुजु खातामा दाखिला भएको प्रमाण सम्लग्न गरी बेरुजु फस्यौट गरी पेश भएको आधारमा संपरीक्षण रु.	५१३०		
				२०७५-०७६	१२३.१	कमला र चारनाथ खोलाको आर्थिक वर्ष २०७५-७६ मा ठेक्का लाग्नूभन्दा अगाडिको अमानतबाट रसिदको प्रयोग गरी विक्री कर रकम स.कलन गरेको देखिन्छ । कमला खोलाको २०७५-७-१९ र चारनाथ खोलाको		नगरपालिकाको आन्तरिक श्रोत खातामा दाखिला भएको प्रमाण सम्लग्न गरी बेरुजु फस्यौट गरी पेश भएको आधारमा लगती बेरुजु हटाई सैदान्तीक ब्यहोरा कायमै रहने गरी लगती बेरुजु संपरीक्षण रु.			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
						२०७५-६-९ देखि निर्माण व्यवसायीलाई चलान पूर्जी दिएकोमा सो भन्दा अगाडी अमानतबाट विक्री कर संकलनमा कूल रसिद ८७ ठेली चलान गरेकोमा ३ ठेली वडामा लगेको र वाँकी ८२ ठेली मध्ये ५७ ठेलीबाट विक्री रकम संकलन गरेको तथा १० ठेली प्रयोगका नआएको तथा वाँकी १५ ठेली रसिद पेश हुन सकेन । ५७ ठेली रसिदबाट रु. ८३८४०९। मध्ये सोको २० प्रतिशतले रु. १६७६८१। निर्णय वेगर रकम संकलन कर्ताले रकम लिएको उल्लेख छ) वांकी रु. ६७०७२८। मा २०७५-६-२८ मा रु. १९७०००। दाखिला गरेको, रु. ४५००००। मेयर रामबाबु यादवलाई रकम बुझाएको रजिष्टर भर्पाई संलग्न गरेको देखिदा वाँकी रु. २३७२८ दाखिला भएको देखिएन् । हराएका १५ ठेली खोजी गर्ने, भर्पाई गरी दिएको रकम बैंक	६४१४०९		६४१४०९		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
						दाखिला गराउने, निर्णय वेगरको रकम असूल गर्ने तथा नपुग रकम असूल तथा १५ ठेलीको समेत आवश्यक छानविन गरी विक्री कर रकम दाखिला गर्ने रु.					
						जम्मा	४८६५६८४		४८६५६८४		
१४०			अनुगमन तथा मूल्याकंन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छः								
१४१			अद्यावद्यिक बेरुजु नगरपालीकाको आर्थिक वर्ष २०७७।७८ सम्मको फछ्र्यौट गर्न बाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छः								

क्रम १४० (अनुगमन तथा मूल्याकंन):

गत वर्षको बेरुजु रकम रु (A)	**यो वर्ष फछ्यौंट** (B)	बाँकी(C=A-B)
१३१८१०	४८६६	१२६९४४

क्रम १४१ (अद्यावद्यिक बेरुजु):

गत वर्षसम्मको फछ्यौंट गर्न बाँकी रु (C)	**यो वर्षको सं पं बाट कायम वेरुजु** (D)	**यो वर्षको कायम वेरुजु** (E)	बाँकी (F=C+D+E)
१२६९४४	0	५८६६५	**१८५६०९**